# प्रभाव दैनिक
National Daily

वर्ष १० | अंक ३२५ | काठमाडौं | आइतबार, ११ चैत २०८० | Prabhab National Daily | Sunday, March 24, 2024 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।-



पत्रिका नआएमा, ठेगाना परिवर्तन भएमा वा अन्य कुनै गुनासो/जिज्ञासा भएमा निम्न माध्यमबाट हामीलाई तत्काल सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।

प्रभाव पब्लिकेसन प्रा.लि.
सिफल-७, काठमाडौं
०१४३७३५७७/९७६१८१५४०००/
९८४११५१२१७/९८४१२४६२६९
marketing2prabhab@gmail.com


# अविराम कांग्रेस–गृहमन्त्री लडाइँ

■ लामिछानेविरूद्ध राजीनामाको दबाब बढाउँदै कांग्रेस

■ जिबी राई पक्राउ गरेर कांग्रेसको आरोप र राजीनामा दबाबबाट मुक्त हुने रणनीतिमा गृहमन्त्री लामिछाने

■ जेबी योञ्जन

**काठमाडौं–** सहकारीमा सर्वसाधरणले जम्मा गरेको बचत रकम ठगी प्रकरणसँग जोडिएका गृहमन्त्री रवि लामिछानेले अर्का ठगी आरोपी गितेन्द्रबाबु (जिबी)राई जहाँसुकै भए पनि पक्राउ गर्ने हाँक दिएका छन् । जिबी भने देशमा छैनन् । उनी मलेसियामा रहेको प्रहरीको दाबी छ ।

संसद्को प्रमुख प्रतिपक्षी दल नेपाली कांग्रेसले राजीनामा मागेर दबाबमा पारिरहेका बेला गृहमन्त्री लामिछानेले राईलाई छिट्टै पक्राउ गर्ने भन्दै कांग्रेसलाई थम्थम्याउने प्रयास गरेका हुन् । उनको दल राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)ले शनिबार काठमाडौंमा आयोजना गरेको कार्यक्रममा लामिछानेले भने, 'आकाशमा होस्, पातलमा होस् समाएर ल्याउँछौं । समय लाग्ला । कसले भगायो त्यो पनि खोज्छौं ।'

गृहमन्त्री लामिछाने र जिबी यसअघिका व्यावसायिक साझेदार हुन् । ग्यालेक्सी टेलिभिजन स्थापना गरेपछि जिबी अध्यक्ष र लामिछाने प्रवन्ध निर्देशक थिए । दुवै त्यसताका लगानीकर्ता हुन् । पोखराको सूर्यदर्शनसहित विभिन्न सहकारीबाट बचतकर्ताको रकम ल्याएर नाफामूलक संस्थामा लगानी गरी हिनामिना गरेको प्रकरणसँग दुवैको संलग्नता भएको प्रस्टिने प्रमाणहरू सार्वजनिक भइसकेका छन् । तर, गृहमन्त्री लामिछानेले पञ्छिने प्रयास गरेका छन् । यतिसम्मकी उनले आफ्नो सम्बन्ध जिबीसँग नभएको पनि भन्न भ्याए ।

'जिबी राई, जिबी राई ! म रवि लामिछाने हो, जिबी राई जोडिएको हरेक ठाउँमा रवि लामिछाने हुँदैन । ऊसँग टेलिभिजनमा काम गरेको हुँ, टेलिभिजनमै मेरो नाता सकिएको हो,' उनले भने, 'त्योभन्दा बाहेक कहीँ कतै पनि छैन, ऊ दोषी रहेछ भने उसले सबक सिक्नुपर्छ, कारबाही हुनुपर्छ ।'

गत २१ फागुनको अन्तिम सातादेखि विपक्षी दल कांग्रेसले गृहमन्त्री रविको राजीनामा मागेको मागेकै छ । संसदीय छानबिन समिति गठन गर्नुपर्ने 'बटमलाइन' कांग्रेसको छ । गत बुधबार त संसद् बैठकको सुरुमै बोल्दै कांग्रेस सांसद ईश्वरी न्यौपानेले अर्को संसद् बैठकमा संसदीय समिति बनाउनुपर्ने अल्टिमेटम नै देखिएकी थिइन् । अर्को बैठक कहिले बस्छ ? टुंगो छैन । किनभने सभामुखसहितको टोली विदेश भ्रमणमा छ ।

गृहमन्त्री लामिछानेलाई राजीनामा दिनुपर्ने दबाब थामिनसक्नु छ । तर, राजीनामा भने नदिने उनको अडान छ । उल्टै उनले आफ्नो प्रतिरक्षा गरेका छन् । सामाजिक सञ्जालमार्फत् उनले आफूमाथि लागेको आरोपमाथि खुला बहस गर्न तयार रहेको भन्दै कांग्रेसलाई चुनौती दिएका छन् ।

'सम्मानित अदालतमा सूर्यदर्शन सहकारीको मुद्दा चलिरहेको छ भन्ने सुनेको छु तर मुद्दामा म प्रतिवादी भएको जानकारी छैन । कसैको बयानमासमेत मेरो नाम संलग्न भएको जानकारी छैन,' उनले सामाजिक सञ्जाल फेसबुकमा शनिबार लेखेका छन्, 'न मलाई प्रहरी वा अदालतले कुनै पत्र काटेको छ, न म त्यसको सदस्य वा पदाधिकारी हुँ, न त्यहाँको पैसा मैले निकाल्न वा कतै लान सक्ने अधिकार राख्छु ।' उनले कांग्रेस नेताहरूले आफ्नो जवाफ सुन्न नचाहेको भन्दै असन्तुष्टि पोखे ।

(क्रमशः पृष्ठ २ मा)




> जिबी राई, जिबी राई ! म रवि लामिछाने हो, जिबी राई जोडिएको हरेक ठाउँमा रवि लामिछाने हुँदैन । ऊसँग टेलिभिजनमा काम गरेको हुँ, टेलिभिजनमै मेरो नाता सकिएको हो । त्योभन्दा बाहेक कहीँ कतै पनि छैन, ऊ दोषी रहेछ भने उसले सबक सिक्नुपर्छ, कारबाही हुनुपर्छ ।
>
> ■ **रवि लामिछाने**, गृहमन्त्री

## कांग्रेस रणनीति: एक गोली, दुई सिकार

गत ३० फागुनमा प्रधानमन्त्री पुष्पकमल दाहालले विश्वासको मत लिँदा १५७ सांसदले उनलाई मत दिए । त्यसमध्ये विश्वासको मत दिने २१ जना सांसद गृहमन्त्री रवि लामिछाने नेतृत्वको राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) को हो । यदि, लामिछानेले कांग्रेसको बढ्दो दबाबले राजीनामा दिनुपरे उनको दल रास्वपा सरकारबाट बाहिरिन सक्ने सम्भावना छ ।

यसअघि रविकै नागरिकतालाई सर्वोच्चले अवैधानिक ठहर गर्दा उपप्रधान तथा गृहमन्त्रीसहित सांसद पद गुमाएपछि सिंगो रास्वपा सरकारबाट बाहिरिएको थियो । त्यतिबेला प्रधानमन्त्रीलाई दिएको समर्थनसमेत फिर्ता लिएको थियो । अहिले पनि कांग्रेसको दबाबकै कारण गृहमन्त्री लामिछानेले राजीनामा दिनुपरे सरकारलाई दिएको समर्थनसमेत फिर्ता लिन सक्छ । त्यस्तो अवस्थामा दाहाल नेतृत्वको गठबन्धन सरकार ढल्छ । (क्रमशः पृष्ठ २ मा)

## सार्वजनिक वित्त व्यवस्थापनमा चुनौती




- बजेट घाटा एक खर्ब ३७ अर्ब, व्यापार घाटा नौ खर्ब २९ अर्ब
- सरकारको आम्दानी र खर्चको असन्तुलन तथा ऋणको चापसँगै वैदेशिक व्यापारमा देखिएको असन्तुलनले मुलुकको अर्थतन्त्र समस्यामा

**काठमाडौं–** मुलुकको अर्थतन्त्रको बाह्य क्षेत्रमा विस्तारै सुधार देखिन थाले पनि सार्वजनिक वित्त व्यवस्थापनको क्षेत्र भने अझै चुनौतीपूर्ण देखिएको छ । सरकारको आम्दानी तथा खर्च, सार्वजनिक ऋण व्यवस्थापन, सरकारी कोष तथा साधन स्रोतको परिचालनलगायत क्षेत्रमा अनेकौं समस्या मुलुकले भोगिरहेको छ ।

नवनियुक्त अर्थमन्त्री वर्षमान पुनले मन्त्रालयको जिम्मेवारी सम्हालेपछिको पहिलो सार्वजनिक कार्यक्रममा सार्वजनिक वित्त व्यवस्थापनको क्षेत्रमा समस्या रहेको र त्यसलाई सुधार गर्ने विषय आफ्नो पहिलो प्राथमिकतामा पर्ने बताएका थिए । यही चैत ३ गते राष्ट्रिय वाणिज्य बैंकले आयोजना गरेको 'आरबिबिएल म्यानेजमेन्ट कन्फ्रेन्स २०२४'मा अर्थमन्त्री पुनले सार्वजनिक वित्तको क्षेत्र सुधारमार्फत लक्ष्यअनुसार राजस्व संकलन गर्ने तथा विकास बजेट खर्च बढाउने गरी काम गर्ने बताएका थिए । हरेक औपचारिक तथा अनौपचारिक कार्यक्रममा उनले सार्वजनिक वित्त व्यवस्थापनको क्षेत्रका समस्याबारे बोल्ने गरेका छन् ।

सत्ता साझेदार पाँच राजनीतिक दलले गत मंगलबार सार्वजनिक गरेको 'न्यूनतम नीतिगत प्राथमिकता र साझा संकल्प' ले पनि सार्वजनिक वित्तको दिगो व्यवस्थापनमा चुनौती रहेको उल्लेख गर्दै राजस्व र खर्चबीच बढिरहेको अन्तरलाई कम गर्न राजस्व सुधार, सरकारी खर्चमा मितव्ययिता, वैदेशिक सहयोगका नवीन स्रोतहरूको पहिचान र परिचालन गरिने उल्लेख गरेको छ । विभिन्न सरकारी निकायले सार्वजनिक गरेका तथ्यांक हेर्दा पनि सार्वजनिक वित्त व्यवस्थापनको क्षेत्र अझै चुनौतीपूर्ण देखिन्छ ।

महालेखा नियन्त्रक कार्यालयका अनुसार चालु आर्थिक वर्ष २०८०/८१ को दोस्रो चौमासिक अवधिसम्ममा मुलुकले एक खर्ब ३७ अर्ब रूपैयाँभन्दा ठूलो बजेट घाटा व्यहोरेको छ । गत साउनदेखि फागुन मसान्तसम्मको आठ महिनाको अवधिमा सरकारको आम्दानीभन्दा खर्च एक खर्ब ३७ अर्ब ७४ करोड ९९ लाख रूपैयाँ बढी छ ।

कार्यालयका अनुसार यो आठ महिनामा कूल छ खर्ब ६३ अर्ब ८३ करोड २९ लाख रूपैयाँ बराबर आम्दानी गर्दा सरकारले आठ खर्ब एक अर्ब ५८ करोड २८ लाख रूपैयाँ खर्च गरेको छ । अर्थात् मुलुकले गर्ने आम्दानी र खर्चबीचको खाडल निरन्तर बढिरहेको छ ।

(क्रमशः पृष्ठ २ मा)

**सन्दर्भ: वैदेशिक रोजगार**

## श्रम स्वीकृति सेवा तीन सिफ्टमा सञ्चालन तयारी

■ प्रभाव संवाददाता

**काठमाडौं–** वैदेशिक रोजगार कार्यालय ताहाचलले श्रम स्वीकृतिलगायतका वैदेशिक रोजगारसम्बन्धी सेवा प्रवाह सहज र छिटो बनाउनेगरी सुधार भइरहेको जानकारी दिएको छ । कार्यालयले वैदेशिक रोजगारीमा जाने नेपालीहरूलाई छिटो, छरितो र व्यवस्थित रूपमा श्रम स्वीकृति दिने सम्बन्धमा यथासम्भव सुधार गरी सेवा प्रवाह भइरहेको उल्लेख गरेको छ ।

कार्यालयले शुक्रबार एक विज्ञप्ति जारी गर्दै छिटो, छरितो र व्यवस्थितरूपमा एक घण्टाभित्र श्रम स्वीकृति जारी गर्न वैदेशिक रोजगार सूचना व्यवस्थापन प्रणाली (फेइम्स)मा सुधारका प्रयास भइरहेको जनाएको छ। त्यस्तै विद्यमान वैदेशिक रोजगार सेवा व्यवस्थापन कार्यविधि, २०७९ संशोधन भई एक तहबाटै पुनः श्रम स्वीकृति जारी गर्ने व्यवस्था मिलाइएको उल्लेख छ। यसअघि पुनः श्रम स्वीकृतिका लागि आवेदन तथा कागजात प्रमाणीकरण र श्रम स्वीकृति अलग-अलग हुँदै आएको थियो ।




यसैगरी सेवाग्राहीलाई सहज र छिटो सेवा उपलब्ध गराउने उद्देश्यअनुरूप कार्मचारीहरूलाई तीन सिफ्टमा विभाजन गरी श्रम स्वीकृति दिने निर्णय भई कार्यान्वयनको चरणमा रहेको पनि कार्यालयले जनाएको छ । साथै सार्वजनिक बिदाको दिनसमेत कार्यालय सञ्चालन गरी सेवा प्रवाह गर्ने व्यवस्था मिलाइएको बताइएको छ । विद्यमान टोकन प्रणालीमासमेत सुधार ल्याइएको कार्यालयकी निर्देशक एवं सूचना अधिकारी कल्पना मास्के श्रेष्ठले बताइन् । 'श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयबाट श्रम स्वीकृति जारी गर्न आवश्यक सुधारका लागि निर्देशन भएअनुसार नै कार्यालयले यथासम्भव प्रयास गरिरहेको छ,' उनले भनिन् ।

विद्यमान प्रणालीमा गरिएका सुधारलाई एक घण्टा वा सो भन्दा कम समयमा श्रम स्वीकृति दिनेतर्फ केन्द्रित गरिएको हुँदा सुधारको अभियानमा सहयोग गर्नसमेत आम सरोकारवालालाई कार्यालयले आग्रह गरेको छ ।

कार्यालयले श्रम स्वीकृति दिने कार्यमा सुधार भइरहेको जनाए पनि श्रममन्त्री डोलप्रसाद अर्यालले दिएको निर्देशनअनुसार एक घण्टाभित्र सेवाग्राहीले श्रम स्वीकृति पाउन सकेका छैनन् । मन्त्री अर्यालले यही चैत ४ गते एक हप्ताको समय दिएर शुक्रबारदेखि एक घण्टाभित्रमा श्रम स्वीकृति दिनेगरी फेइम्स प्रणाली सुधार गर्न निर्देशन दिएका थिए । उनले एक हप्ताभित्र फेइम्स सुधार गरी सेवा दिन नसके अन्य विकल्प खोजेर भए पनि एक महिनामा सो व्यवस्था गर्ने चेतावनीसमेत दिएका थिए ।

## युएई दूतावासको कार्यसम्पादन सार्वजनिक

**काठमाडौं (प्रस)-** संयुक्त अरब इमिरेट्स (युएई)स्थित नेपाली दूतावासले फागुन महिनाको कार्यसम्पादन विवरण सार्वजनिक गरेको छ । दूतावासले २०८० फागुन महिनामा सम्पादन भएका प्रमुख सेवाहरूको तथ्यांकीय विवरण सार्वजनिक गरेको हो ।

दूतावासले प्रमुख कार्यसम्पादन विवरण महिनैपिच्छे सार्वजनिक गर्दै आइरहेको छ । यसरी दूतावासले गरेको कार्यसम्पादन तथा प्रगति विवरणमा फागुनमा तीन हजार ६०१ पासपोर्ट नवीकरणका लागि संकलन भएको उल्लेख गरेको छ भने चार हजार ५१४ वटा पासपोर्ट नवीकरणपश्चात् वितरण गरिएको जनाएको छ ।

त्यस्तै ८३ जनालाई भिसा प्रदान गरिएको छ भने १९४ जनाको ट्राभल डकुमेन्ट बनाइएको विवरणमा उल्लेख छ । यसैगरी २१३ जनाको कागजात प्रामाणीकरण गरिएको छ । साथै, रोजगारीका लागि संस्थागत रूपमा आएका ३९० वटा मागपत्र प्रमाणीकरण भएको दूतावासले जनाएको छ । १८० वटा समूहगत भिसा प्रमाणीकरण गरेको दूतावासले विभिन्न कारणले मृत्यु भएका नेपालीहरूको १३ वटा शव व्यवस्थापन गरेको जनाएको छ । यस्तै विभिन्न माध्यमबाट आएका ६६० वटा गुनासा तथा उजुरीहरूको सम्बोधन गर्दै फागुनमा क्षतिपूर्ति र इन्स्योरेन्सबापत ५६ हजार ७५९ एइडी अर्थात् झण्डै २० लाख ५९ हजार रूपैयाँ खर्च भएको दूतावासले जनाएको छ ।




# पाकिस्तानी दूतावासमा फहराइयो झण्डा

**काठमाडौं (प्रस)**– पाकिस्तानको ८४औं राष्ट्रिय दिवसको अवसरमा शनिबार काठमाडौंस्थित पाकिस्तानी राजदूतावासमा पाकिस्तानको राष्ट्रिय झण्डा फहराइएको छ। नेपालका लागि पाकिस्तानका राजदूत एचई अबरारएच हाश्मीले पाकिस्तानको राष्ट्रिय झण्डा फहराएका हुन्। सो अवसरमा राष्ट्रपति, प्रधानमन्त्री र परराष्ट्रमन्त्रीले दिएको सन्देश पढेर सुनाइएको थियो।

राष्ट्रिय दिवसका अवसरमा पाकिस्तानी राष्ट्रपति आसिफ अली जर्दारीले दिएको सन्देशमा मुस्लिमहरूका लागि स्वतन्त्र राज्य प्राप्त गर्नका लागि कायद-ए-आजम मुहम्मद अली जिन्नाको दूरदर्शी नेतृत्व र पुर्खाहरूको बलिदानलाई स्मरण गरे। उनले विगतका उपलब्धिहरू प्रतिविम्बित गर्दै काश्मिरी र प्यालेस्टिनीमाथिको अधीनता र खराब क्रूरताको अन्त्यका लागि प्रार्थना गरेका थिए।

त्यस्तै पाकिस्तानका प्रधानमन्त्री मोहम्मद शहबाज शरीफले 'पाकिस्तान दिवस' का अवसरमा स्वदेश तथा विदेशमा रहेका पाकिस्तानीहरूलाई शुभकामना सन्देशमार्फत मुद्रास्फीति र आतंकवादलगायतका बहुमुखी चुनौतीहरूलाई पार गर्दै पाकिस्तानलाई शान्ति, प्रगति र स्थायित्वको त्रिभुवन बनाउने राष्ट्रको संकल्प व्यक्त गरेका छन्।

विदेशमन्त्री मोहम्मद इशाक दारले प्रवासी पाकिस्तानीहरूलाई बधाई दिँदै देशवासीहरूलाई आफ्नो छनोट क्षेत्र, पेसा र उद्यममा उत्कृष्टता जारी राख्न आग्रह गरेका छन्। उनीहरूको सफलता, उपलब्धि र उत्कृष्टतामा नै देशको विकास र प्रगति हुने उनको भनाइ छ। राष्ट्रको समुदायमा पाकिस्तानले राष्ट्रसंघको बडापत्र र अन्तर्राष्ट्रिय कानूनको सर्वोच्चताको पक्षमा उभिएर आफूलाई अलग गरेको उनले सन्देशमा उल्लेख गरेका छन्।

नेपालका लागि पाकिस्तानी राजदूत हाश्मीले सन् १९४० मा मुस्लिमहरूको दृढ संकल्प र संकल्प र पाकिस्तानलाई समृद्ध बनाउन संघर्षको निरन्तरताको स्मरण गरे। उनले नेपाल-पाकिस्तान सम्बन्धका मुख्य पक्षहरू र यो सम्बन्धलाई थप मजबुत बनाउन मिसनले गरिरहेको प्रयासका बारेमा प्रकाश पारे। कार्यक्रममा नेपालस्थित पाकिस्तानी समुदाय, पाकिस्तानी मित्र तथा दूतावासका अधिकारीको उपस्थिति रहेको थियो।

## पृष्ठ १ बाट क्रमशः

### सार्वजनिक वित्त...

यो अवधिमा सरकारले कर राजस्वतर्फ पाँच खर्ब ७८ अर्ब ६७ लाख २६ हजार रूपैयाँ र गैरकर राजस्वतर्फ ६० अर्ब ३७ करोड ७५ लाख रूपैयाँ असुली गरेको छ भने दुई अर्ब ७५ करोड ८० लाख रूपैयाँ बराबर वैदेशिक अनुदान उठाएको छ। जबकि, सरकारको वार्षिक लक्ष्य हेर्दा कर राजस्वतर्फ १३ खर्ब पाँच अर्ब ४७ करोड ९६ लाख, गैरकर राजस्वतर्फ एक खर्ब १७ अर्ब छ करोड २१ लाख रूपैयाँ बराबर उठाउने लक्ष्य छ।

चालु आवमा ४९ अर्ब ९४ करोड ३० लाख रूपैयाँ बराबर वैदेशिक अनुदान सहायता लिने सरकारको योजना छ। फागुन मसान्तसम्मको कूल राजस्व असुली वार्षिक लक्ष्यको ४५.०८ प्रतिशतमात्रै छ। जसमध्ये कर राजस्व असुली ४४.३३, गैरकर राजस्व असुली ५१.५७ र वैदेशिक अनुदान प्राप्ति ५.५२ प्रतिशतमात्रै हो।

चालु आवको सुरुआती आठ महिनामा वार्षिक लक्ष्यको आधाजति पनि राजस्व उठ्न नसकेको अवस्थामा बाँकी चार महिनाको अवधिमा उठ्ने राजस्वले कसरी वार्षिक लक्ष्य प्राप्ति हुन्छ भन्ने प्रश्न उठेको छ।

सरकारको आम्दानी मात्र नभई खर्चको अवस्था पनि निराशाजनक छ। चालु प्रकृतिको साधारण खर्च र सार्वजनिक ऋणको साँवा-ब्याज भुक्तानीमा हुने वित्तीय व्यवस्थातर्फको खर्चको दायित्व बढिरहेको छ भने पुँजी सिर्जना गर्ने विकास खर्चमा उल्लेख्य सुधार देखिन सकेको छैन।

सरकारी खर्चको अवस्था हेर्दा दोस्रो त्रैमासिक अवधिसम्ममा चालुतर्फ वार्षिक लक्ष्यको ५०.९८ प्रतिशत अर्थात् पाँच खर्ब ८२ अर्ब १० करोड ९९ लाख रहेको छ। पुँजीगततर्फ वार्षिक लक्ष्यको २६.८९ प्रतिशत अर्थात् ८१ अर्ब २१ करोड ४८ लाख रूपैयाँ बराबर खर्च भएको छ। यही अवधिमा वित्तीय व्यवस्था शीर्षकमा वार्षिक लक्ष्यको ४४.९७ प्रतिशत अर्थात् एक खर्ब ३८ अर्ब २५ करोड ८१ लाख रूपैयाँ बराबर खर्च भएको छ।

चालु आवका लागि लागि सरकारले चालुतर्फ ११ खर्ब ४१ अर्ब ७८ करोड ४१ लाख रूपैयाँ, पुँजीगततर्फ तीन खर्ब दुई अर्ब सात करोड ४४ लाख र वित्तीय व्यवस्थातर्फ तीन खर्ब सात अर्ब ४५ करोड ३६ लाख रूपैयाँ बराबर विनियोजन गरेको थियो।

गत माघ अन्तिम सातामात्रै सरकारले चालु आर्थिक वर्षको बजेटको अर्धवार्षिक समीक्षामार्फत राजस्व र खर्चको अनुमान घटाएको थियो। सुरुआती विनियोजित बजेटको ८७.३८ प्रतिशत अर्थात् १५ खर्ब ३० अर्ब २६ करोड ६२ लाख रूपैयाँ बराबर मात्रै बजेट खर्च गर्नेगरी संशोधित अनुमान तय गरिएको छ। सुरुआती विनियोजनको तुलनामा चालु शीर्षकमा ८८.८४, पुँजीगत शीर्षकमा ८४.१३ प्रतिशत र वित्तीय व्यवस्था शीर्षकमा ८७.३९ प्रतिशत खर्च हुने अनुमान सरकारको छ।

सरकारको आम्दानी र खर्चमा असन्तुलन बढ्दै जाँदा सार्वजनिक ऋणको खाडल पनि बढ्दै गएको छ। घाटा बजेट पूर्तिका लागि सरकारले आन्तरिक र बाहृय ऋण लिने गर्दछ। सार्वजनिक ऋण व्यवस्थापन कार्यालयका अनुसार चालु आवको फागुन मसान्तसम्ममा नेपालको कूल सार्वजनिक ऋण २३ खर्ब ८८ अर्ब २६ करोड रूपैयाँ नाघेको छ। यो अवधिसम्ममा आन्तरिक ऋणको दायित्व ११ खर्ब ८५ अर्ब ८२ करोड रूपैयाँ बराबर छ भने बाहृय ऋणको दायित्व १२ खर्ब दुई अर्ब ७३ करोड रूपैयाँ बराबर छ। गत माघपछि नेपालको आन्तरिक ऋणभन्दा बाहृय ऋणको आकार बढी देखिएको छ।

सार्वजनिक ऋण व्यवस्थापन कार्यालयका अनुसार चालु आवको आठमा महिनामा एक खर्ब ६६ अर्ब ५८ करोड रूपैयाँ बराबर सार्वजनिक ऋण थपिएको छ। गत असार मसान्तसम्ममा कूल सार्वजनिक ऋण २२ खर्ब २१ अर्ब ६७ करोड रूपैयाँ थियो। चालु आवको दोस्रो चौमासिक अवधिसम्ममा आन्तरिक ऋणको साँवा भुक्तानीमा एक खर्ब दुई अर्ब ९७ लाख रूपैयाँ र ब्याज भुक्तानीमा ४३ अर्ब ६७ करोड गरी कूल एक खर्ब ४६ अर्ब ६४ करोड रूपैयाँ बराबर खर्च भएको देखिन्छ। यही अवधिमा बाहृय ऋणको साँवामा २३ अर्ब छ करोड रूपैयाँ र ब्याजमा पाँच अर्ब ७९ करोड रूपैयाँ गरी कूल २८ अर्ब ८६ करोड रूपैयाँ बराबर खर्च भएको कार्यालयको विवरणमा उल्लेख छ।

सरकारको आम्दानी र खर्चको असन्तुलन तथा ऋणको चापसँगै वैदेशिक व्यापारमा देखिएको असन्तुलन पनि मुलुकको अर्थतन्त्रमा देखिएको मुख्य समस्या हो। भन्सार विभागको तथ्यांकअनुसार फागुन मसान्तसम्ममा मुलुकले कूल नौ खर्ब २९ अर्ब ६० करोड ५२ लाख ५५ हजार रूपैयाँ बराबर व्यापार घाटा व्यहोरेको छ। कूल १० खर्ब ३० अर्ब २२ करोड २६ लाख रूपैयाँ बराबरको आयात हुँदा एक खर्ब ६१ करोड ७४ लाख रूपैयाँ बराबरको निर्यात भएको छ। गत आर्थिक वर्षको सोही अवधिको तुलनामा आयात २.६६, निर्यात ३.९९ र व्यापार घाटा २.५२ प्रतिशतले घटेको विभागले जनाएको छ। *रासस*

■■■

### अविराम...

यसअघि संसद्मा चर्को विरोध गर्ने कांग्रेस महामन्त्रीसमेत रहेका सांसद गगन थापालाई लक्षित गर्दै रविले सहकारी ठगी प्रकरणबारे सार्वजनिक बहसमा आउन चुनौती दिएका छन्।

'तपाईंहरूले भनेको दिन, स्थान र समयमा तपाईंहरू र म सार्वजनिक बहस गरौं। त्यो बहस काठमाडौं-४ मा भए राम्रो,' उनले भने, 'म एक्लै आउँछु, तपाईं आफ्ना विज्ञ, पार्टीका सम्पूर्ण प्रभावशाली नेता र तपाईंले ममाथि लगाएका सारा आरोप पुष्टि गर्ने सम्पूर्ण प्रमाण बोकेर आउनुहोला। यो बहस लाइभ गरौं ताकि सिंगो देशले हेरोस्।'

गृहमन्त्री लामिछानेले सार्वजनिक बहसको चुनौती दिएको केही घण्टाअघि मात्रै कांग्रेस नेता डा. शेखर कोइरालाले उनलाई एक मिनेट पनि पदमा बसिरहने छुट नभएको बताए। कांग्रेसकै महामन्त्री विश्वप्रकाश शर्माले पनि शनिबार पूर्वमन्त्री केशव बुढाथोकीको ४५औं पुण्यतिथिमा बोल्दै गृहमन्त्री लामिछानेको राजीनामा मागेका छन्।

उनले सहकारी ठगी प्रकरणको अनुसन्धान गर्ने निकायको नेतृत्वमा आरोपित (रवि)लाई नै पठाउँदा जनतामा शंकासमेत उत्पन्न भएको बताए। यसरी कांग्रेसका एकपछि अर्का नेताहरूले गृहमन्त्री लामिछानेको आलोचनामात्रै होइन, राजीनामा मागिरहेका छन्। प्रधानमन्त्री पुष्पकमल दाहालले भने संसद बैठकमै यसअघि रवि कुनै पनि सहकारी ठगी प्रकरणमा संलग्न नभएको भन्दै सफाइ दिइसकेका छन्। एउटा ठाडो उजुरी परेको विषयलाई लिएर राजनीतिकरण नगर्न चेतावनी दिँदै कांग्रेसलाई प्रश्न गरेका छन्, 'हिजो प्रधानमन्त्रीका लागि उपयुक्त देख्ने कांग्रेसले आज माननीय गृहमन्त्री रविजीलाई अनपयुक्त देख्ने ?'
सत्तारूढ दल नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीले पनि गृहमन्त्री लामिछानेविरुद्ध संसदीय छानबिन समिति गठन असम्भव रहेको जवाफ कांग्रेसलाई दिइसकेका छन्। यसरी आरोपित लामिछानेको पक्षमा प्रधानमन्त्री दाहाल र एमाले अध्यक्ष ओली खुलेरै लागेका छन्।

■■■

### कांग्रेस रणनीति...

अर्थात् एक गोलीले दुईवटा सिकार मर्छ। कांग्रेसको अन्तिम मिसन पनि यही हो। तर, रास्वपा प्रमुख सचेतक सन्तोष परियार अहिले नै त्यति परसम्मको कुरा सोच्न जरुरी नभएको बताउँछन्। 'भोलिको कुरा भोलि नै होला। अहिले यति भनौं कि रास्वपा सरकारमा छ। जनताको पक्षमा काम गर्न सरकारमा गएका हौं। राम्रो गर्न कोसिसमा छौं,' उनले प्रभावसँग भने, 'विपक्षी दलले गृहमन्त्रीको राजीनामा मागेको सुनेका छौं। तर, लहडमा मागिएको राजीनामाको अर्थ हुँदैन।'

गत २० फागुनसम्म कांग्रेससहितको गठबन्धन सरकार थियो। २१ फागुनमा एमाले, रास्वपा सम्मिलित अर्कै गठबन्धन सरकार बन्यो। जहाँ कांग्रेस अटेन। त्यसबेला कांग्रेसले वैकल्पिक गठबन्धन बनाउन रास्वपा सभापति लामिछानेलाई प्रधानमन्त्रीको अफर गरेको महामन्त्री डा. मुकुल ढकालले पत्रकारहरूलाई सुनाएका थिए। यद्यपि, कांग्रेसले उक्त विषयको खण्डन गरेको थियो।


**मोटरसाइकल हराएको सूचना**

हुलास फिन सर्भ लि ऋणी **श्री विष्णु खत्री क्षेत्री**को नाममा निम्न व्यहोरा रहेको मोटर साइकल मिति २०८०/१२/०३ गते का.जि.फुटुङ नागपोखरी वडा नं.७ तारकेश्वर साङ्लामा पार्किङ राखिएकोमा दिउँसोको २:०० बजेतिर हराएकोले पाउनुहुने महानुभावले नजिकैको प्रहरी चौकी वा निम्न ठेगानामा सम्पर्क गरिदिनु होला।

प्रकार - Pulsar-220 F ABS
बाई नं. Bagmati Province -02-044 PA.9215
चेसिस नं. MD2A13EVINCL 82791
इन्जिन नं. DKXCNL 37166
रङ्ग - Black/Red
बनेको मिति - 2023
सम्पर्क - 9851228870



**मलेसिया वैदेशिक रोजगारको अवसर**

कम्पनी : CMH INDUSTRIES SDN BHD
पूर्व स्वीकृति मिति २०८०/१२/१० LT. No. 302412 चलानी नं. ६०२१७११९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker | 10 | 0 | 1500 | ४२,१७८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० चैत १८ गते (31th Mar. 2024) मा हुनेछ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले सेवा शुल्कः निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला। ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ। ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला। ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ। ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला।

श्रम ईजाजत नं. १०२९/०६८/०६९
Aadarsha Human Resources Pvt. Ltd
Sinamangal-9, Airport Kathmandu, Nepal. Tel: +977 1 4112702, 4112704
Fax: +977 1 4112703 Email: aadarshahr@gmail.com
Website : www.aadarshahr.com.np



**ZERO FEE RECRUITMENT FOR MALAYSIA**
**शून्य लागत सहित मलेसियामा वैदेशिक रोजगारको अवसर**

Free Visa! Free Ticket ! Free Passport ! Free Medical Checkup ! Free Visa Processing! No Recruitment Fee ! Free Food, accomodation &Transportation From Pre-Interview To Deployment.
नि : शुल्क भिसा, निः शुल्क हवाई टिकट, नि : शुल्क राहादानी, नि : शुल्क स्वस्थ्य जाँच, निःशुल्क भिषा प्रकिया, कुनै पनि सेवाशुल्क नलाग्ने, अन्तर्वार्ता पास भएदेखि उडानसम्म निःशुल्क यातायात, आवास र खाना

COMPANY: PACESTAR INDUSTRIES SDN BHD
कम्पनी : पेसस्टार इन्ड्रस्ट्रिज एसडीएन बीएचडी

Pre Approval Date : 2024-03-22 पूर्व स्वीकृति मिति : २०८०/१२/०९
LT. No. 302238 एल टि न. ३०२२३८
Invoice No. 60217097 चलानी नं. ६०२१७०९७

| सि.नं S.N. | कामदारको पद Worker's Position | माग संख्या Required No's पुरुष Male | माग संख्या महिला Female | न्यूनतम योग्यता Minimum Qualification | मासिक तलबः Monthly Salary रिंगिट RM | ने.रू. NPR | ओभर टाईम सुविधा OT Facility | प्रतिदिन काम गर्ने घण्टा Working Hours Per Day | हप्तामा काम गर्ने दिन Working Day Per Week | वार्षिक बिदा Annual Leave | खाना सुविधा Food Facility | बस्ने सुविधा Accomodation Facility | करार अवधि Contract Period |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | फ्याक्ट्री वोर्कर | २० | ० | आधारभूत अङ्ग्रेजी पढ्न, लेख्न र बोल्नमा दक्ष | १५०० | ४२,१७८ | क. नियम अनुसार | ८ घण्टा | ६ दिन | क. नियम अनुसार | छैन | छ | दुई वर्ष |
| 1. | Factory Worker | 20 | 0 | Proficient in reading, writing & speaking basic English | 1500 | 42,178 | As per the company rule | 8 Hours | 6 Days | As per the company rule | No | Yes | 2 Years |

- Pre-selected candidates are only allegeable for final interview, Selected candidates will only process for further processing.
पूर्व-छनोट भएका उमेद्वार मात्र अन्तिम अन्तर्वार्ताका लागि योग्य हुनेछन्। साथै छनोट भएका उमेद्वारहरुको मात्र बाँकी पक्रिया अगाडि बढाइनेछ।
- Nepal's government has implemented a strict rule banning the use of intermediaries or middlemen. Therefore, our recruitment procedure clearly prohibids the engagement of any intermediaries or middlemen.
नेपाल सरकारले कुनै पनि विचौलीया वा मध्यस्थकर्तालको प्रयोग कानूनी रुपले वन्द गरेको छ। तसर्थ हाम्रो भर्ती प्रक्रियामा कुनै विचौलीया वा मध्यस्थकर्तालाई पूर्ण रुपमा निषेध गरिएको छ।
- Candidates are required to submit their job applications directly to Mass Human without utilizing any intermediaries. Neither applicants nor their relatives or family members are compelled to pay any recruitment fees, bonds, deposits, or offer gifts for securing employment.
आवेदकहरुलाई कुनै पनि मध्यस्थकर्ताको प्रयोग बिना सिधा आवेदन गर्न अनुरोध गर्दछौं। आवेदक, आवेदकको परीवारका सदस्य, आफन्त र साथीभाईले यस रोजगारीको लागि कुनैपनि प्रकारको शुल्क, धितो, पेश्की वा कुनै पनि किसिमको उपहारहरु दिने वा दिनको लागि बाध्य पारिने छैन।
- We highly recommend that all applicants thoroughly review and comprehend the details regarding our commitment to Zero Fee Ethical Recruitment in connection to the available positions. The relevant information is accessible at the Mass Human office premises, conveyed through materials such as flex, banners and notices.
यस मास ह्युमन रिसोर्स प्रा.ली.ले शून्य लागत साथै न्यायोचित भर्तीको लागि गरिएको प्रतिवद्धता सम्बन्धी जानकारी मूलक सूचनाहरु यस प्रा.लि.को कार्यालय परिसर हप्ताभित्र फ्लेक्स, ब्यानर तथा सूचना मार्फत उल्लेख गरिएको हुनाले सो बारे पूर्ण रुपमा जानकारी लिनुहुन अनुरोध गर्दछौं।
- Mass Human Resource Pvt. Ltd always follow recruitment procedures which are intentionally structured to ensure fairness and transparency with Zero tolerance specifically pertaining to our "NoRecruitment Fee" policy.
मास ह्युमन प्रा.लि "शून्य भर्ती शुल्क" सम्बन्धी सून्य सहनशिलताको साथ निश्पक्षता र पारदर्शिता सुनिश्चित गर्ने संस्था भएकाले सम्पूर्ण भर्ती प्रक्रियाको पूर्ण पालना गर्दछ।
- If you encounter any instances of corruption, misconduct, financial demands, or coercion into illegal activities, please do not hesitate to contact us directly, to our hotline number at +977-9851164025 or send an email to grievance.massmngt@gmail.com. Your concerns will be addressed promptly and confidentially.
हामी कुनै पनि प्रकारको भ्रष्टाचार/दुराचार प्रति शून्य सहनशिलता राख्छौं। यदी कोही कसैले यस कम्पनीमा भर्ती हुन कुनै किसिमको प्रलोभन, आर्थिक माग र कुनै अवैध कियाकलाप गर्न/गराउन खोजेमा हाम्रा सबै मूल्यवान सरोकारवालाहरुलाई हाम्रो हटलाइन नम्बर +९७७-९८५११६४०२५ वा इमेल grievance.massmngt@gmail.com. मार्फत सम्पर्क गर्न अनुरोध गर्दछौं। हामी तपाईको गोपनियत कायम राख्नेछौं।


Interview will be conducted on 31th March, 2024 in Office Premises.
अन्तर्वाता मिति २०८० चैत्र १८ गते कार्यालय परिसरमा हुनेछ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्याद जीवन बिमाकसले व्यहोर्ने / कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले व्यहोर्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला। ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ। ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला। ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ। ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला।

Mass Human Resource Pvt. Ltd.
(ISO Certified Ethical Recruitment Company)
SAMAKHUSI, KTM, Nepal, TEL: 4983088, 4955765
Govt. License 938/067/068


## आजको राशिफल



आचार्य श्री स्वामी ध्रुव, माइण्ड मेनेजमेन्ट गुरु
इन्टरनेसनल एस्टोलोजिकल फोरम
सानेपा, काठमाडौं, नेपाल
फोन : ९८४१५९२५५२,
Email: dhruvswamig@gmail.com

चैत ११ गते २०८०, आइतबार

- **मेष** नयाँ उद्योग वा रचनात्मक काममा जुट्ने समय छ।
- **वृष** प्रेमी र प्रेमिकाको सहयोग मिल्नेछ।
- **मिथुन** राज्य र समाजबाट सहयोग मिल्नेछ।
- **कर्कट** स्वादिष्ट भोजनको अवसर प्राप्त हुने योग छ ।
- **सिंह** घरको सामान्य मनोरञ्जनमा सहभागिता भइनेछ।
- **कन्या** मानसिक चिन्ता बढेपनि श्रमको उचित मल्यांकन हुनेछ।
- **तुला** प्रेम सम्बन्ध कसिलो हुँदै जानेछ
- **वृश्चिक** सामान हराउने वा चोरी हुने भय छ।
- **धनु** वैदेशिक कारोबारमा अधिक सफलता मिल्नेछ।
- **मकर** चिताएको र गरेको कार्यमा सफलता पाइनेछ।
- **कुम्भ** परिवारसँग समय बिताउने अवसर जुट्नेछ।
- **मीन** कार्य सम्पादनमा सहजता मिल्नेछ।

## प्रहरी तथा एम्बुलेन्स

| | |
|---|---|
| प्रहरी कन्ट्रोल क प्रहरी | १०० |
| जिल्ला प्रहरी (काठमाडौं) | ४२६१९४५/४२६१७९० |
| जिल्ला प्रहरी (ललितपुर) | ५५२१२०७ |
| जिल्ला पहरी भक्तपुर) | ६६१४८२१ |
| आकस्मिक पहरी सेवा | ४२२६९९९ |
| परोपकार एम्बुलेन्स सेवा | ४२६०८५९ |
| बिशालबजार एम्बुलेन्स सेवा | ४२४४१२१ |
| रेडक्रस एम्बुलेन्स सेवा | ४२२८०९४ |
| ललितपुर रेडक्रस एम्बुलेन्स सेवा | ५५४५६६६ |
| अग्रवाल सेवा केन्द्र | ४४२४८७५ |
| बाल हेल्पलाइन नेपाल | १०९८ |
| वालवालिका खोजतलास समन्वय केन्द्र | १०४/४२२६००६ |

## अस्पताल र विविध

| | |
|---|---|
| दमकल | १०१ |
| रक्तसञ्चार केन्द्र | ४२२५३४४ |
| नेपाल आँखा बैंक | ४४९३६८४ |
| नेपाल आँखा अस्पताल | ४२५०६९१ |
| मध्यपुर अस्पताल, भक्तपुर | ०१-६६३१६५८ |
| तिलगंगा आँखा अस्पताल | ४४९३६८४ |
| वीर अस्पताल | ४२२१९८८ |
| त्रिवि शिक्षण अस्पताल | ४४१२७०७ |
| प्रसूति गृह | ४२५३२७६ |
| टेकु अस्पताल | ४२५३३९६ |
| पाटन अस्पताल | ५५२२२७८ |
| भक्तपुर अस्पताल | ६६१०६७६ |
| मानसिक अस्पताल | ५५२१३३३ |
| कान्ति बाल अस्पताल | ४४१४७९८/४४२७४५२ |
| काठमाडौं मोडेल अस्पताल | ४२४०८०५/६ |
| बी एण्ड बी अस्पताल | ५५३३२०६ |
| मेडिकेयर नेसनल अस्पताल | ४४६७०६७ |
| मेडिकेयर नेसनल अस्पताल (एम्बुलेन्स) | ४४६७०६७ |
| फ्रेन्डस् अफ शान्ता भवन | ४४७०१८१ |
| नेपाल अर्थोपेडिक अस्पताल | ४४९३७२५ |
| काठमाडौं मेडिकल कलेज तथा शिक्षण अस्पताल, सिनामंगल | ४४७६१५२ |
| नेपाल मेडिकल कलेज तथा शिक्षण अस्पताल, जोरपाटी | ४९११००८ |
| कान्तिपुर डेण्टल हस्पिटल, महाराजगञ्ज | ४३७०१३६ |
| कान्तिपुर हस्पिटल, सुविधानगर, तिनकुने | ४१११९५७/८५८ |
| ओम हस्पिटल एण्ड रिसर्च सेन्टर | ४४७६२२५ |
| नर्भिक, थापाथली | ४२५८५५४ |
| सहिद गंगालाल राष्ट्रिय हृदय रोग केन्द्र | ४३७१३२२/४३७१३७४ |
| लाइफ केयर अस्पताल | ४२२७७३५ |
| मितेरी अस्पताल | ६६३१७३६/६६३४०१६ |
| क्यापिटल हस्पिटल (प्रा.) लि. | ४२४४०२२ |
| श्री सत्यसाइ निःशुल्क एम्बुलेन्स/शववाहन (पूर्व काठमाडौं) | ४४९८०३५ |
| निःशुल्क होमियो दातब्य चिकित्सालय/शववाहन सेवा (काठमाडौं) | ४२५५५४०/४२५५५४१ |
| भक्तपुर रेडक्रस एम्बुलेन्स/रक्तसञ्चार सेवा | ६६१२२६६ |
| नेसनल किड्नी सेन्टर | ४३६३४५२/४३६०८८९ |
| मानसिक अस्पताल | ४४८०१७० |
| ह्याम्स अस्पताल, बुद्धनगर | ४७८४८४०/४७८५१५७ |
| ईशान बाल नर्सिंग होम तथा प्रसूति गृह (प्रा.) लि. | ४३५४५३७/४३८१९६२ |
| गोर्खा अस्पताल र रिसर्च इस्टिच्यूट | ४२५८५५२/४२५८५५१ |
| मनमोहन मेमोरियल अस्पताल, लैनचौर | ४४११६०५/४४२०८२३ |
| भरोसा अस्पताल प्रा.लि., बानेश्वर | ४४७४९६८/४४८९८९१ |

## शववाहन र विविध

| | |
|---|---|
| सामुदायिक मानसिक स्वा.से. केन्द्र, डांछी | ०१ ६९१२१४४ |
| जनमैत्री हस्पिटल, बालाजु | ४३६६३०१-०५ |
| विनायक अस्पताल तथा प्रसति गृह, गोंगबु | ४३८३१५२/४३८०८४८ |
| नेपाल चेम्बर अफ कमर्स | ४२३०२१३ |
| पशुपति आइघाट सेवा कन्द्र | ४४९२९९९ |
| देव कर्नर निःशुल्क शववाहन सेवा | ४४३४०९३ |
| नेपाल मिटर ट्याक्सी संघ | ४२२४३७४ |

## नेपाल राष्ट्र बैंक

चैत ११ गते, २०८०, २४ मार्च, २०२४

| मुद्रा | एकाइ | खरिद दर | बिक्री दर |
|---|---|---|---|
| भारतीय रूपैयाँ | १०० को | १६०।०० | १६०।१५ |
| अमेरिकी डलर | १ को | १३२.१६ | १३२.७६ |
| युरो | १ को | १४४.५ | १४५.१५ |
| पाउन्ड स्टिर्लङ | १ को | १६९.५५ | १७०.३२ |
| स्विस फ्रैन्क | १ को | १५०.८३ | १५१.५२ |
| अस्ट्रेलियन डलर | १ को | ८७.८२ | ८८.२२ |
| क्यानाडियन डलर | १ को | ९८.२९ | ९८.७३ |
| सिंगापुर डलर | १ को | ९९.२८ | ९९.७३ |
| जापानी येन | १० को | ८.९९ | ९.०३ |
| चिनियाँ युआन | १ को | १८.३८ | १८.४८ |
| साउदी अरब रियाल | १ को | ३५.२४ | ३५.०४ |
| कतारी रियाल | १ को | ३६.२४ | ३६.४१ |
| थाई भाट | १ को | ३.७५ | ३.७५ |
| संयुक्त अरब इमिरेट दिराम | १ को | २८.२१ | ३६.१५ |
| मलेसियन रिङेट | १ को | १०.०४ | २८.३४ |
| दक्षिण कोरियन वन | १०० को | १०.९४ | १०.०८ |
| स्विडिस क्रोनर | १ को | १२.९४ | १३ |
| डेनिस क्रोनर | १ को | १९.३८ | १९.४७ |
| हङकङ डलर | १ को | १६.९ | १६.९८ |
| कुवेती दिनार | १ को | ४३०.३५ | ४३२.०३ |
| बहराइन दिनार | १ को | ३५०.५८ | ३५२.१८ |

यो विनिमय दरलाई बैंकले आवश्यकता अनुसार जुनसुकै समयमा पनि संशोधन गर्न सक्नेछ। वाणिज्य बैंकहरूले ताक्ने विनिमय दर भने फरक हुन सक्नेछ। अद्यावधिक विनिमय दर बैंकको वेभसाइट धधध।लचद।यचन।लउ मा उपलब्ध हुनेछ।



**सुदूरपश्चिममा होलीको रौनक** | महेन्द्रनगरनगर बजारस्थित गल्ली नं. ५ मा होली खेल्दै यहाँका स्थानीय । असत्यमाथि सत्यको विजय उत्सवका रूपमा मनाइने होली पर्व सुदूरपश्चिममा पाँच दिनसम्म पृथक तरिकाले मनाउने गरिन्छ । *तस्विरः महादेव अवस्थी/रासस*

# होली र सेतो पहिरन

**काठमाडौं–** 'होलीले मेरो रंगायो नयाँ चोली...'

तीन दशकअघि नेपाली चलचित्र 'अधिकार' मा यो गीत समयसन्दर्भ सुहाउँदो थियो । अहिलेको परिवेश र समयले यसको सन्दर्भ केही फेरिएको छ । अहिले चोली लगाउने चलन हराउँदै गएको छ । होलीमा सेतो टी–सर्ट र कुर्तामा युवा पुस्ता रमाउन थालेका छन् ।



बानेश्वरस्थित खुलाबजारमा 'हेप्पी होली' लेखिएका सेता टिसर्ट खरिद गर्ने ग्राहकको घुइँचो छ । यही चैत ११ गते आइतबार परेको होली पर्वका लागि टिसर्ट किन्न बानेश्वर आएकी विमला कोइरालाले घरका सानादेखि ठूलालाई मिल्ने टिसर्ट रोजिन् । उनी भर्खरै छ महिना भएकी काखे छोरीका लागि मिल्ने होली टिसर्ट खोज्दै थिइन् । 'सबैलाई हुने किसिमका पाए पनि सानी छोरीलाई हुने भेटाइनँ,' कोइरालाले भनिन्, 'टिसर्ट लाएपछि मात्रै होली आएको अनुभूति हुन्छ ।'

भृकुटीमण्डपको कपडा बजार होलीका पहिरनले भरिभराउँछ । युवा पुस्ताले टिसर्ट नै मन पराउँछन् भने बूढापाकाले कुर्था रोज्ने गरेका व्यापारी अशोक भट्टराईले बताए । प्रत्येक होली पर्वमा सेता पहिरन बेचेर प्रशस्त आम्दानी गर्न सकिने उनको भनाइ छ ।

कक्षा ११ मा पढ्दै गरेकी कोटेश्वरकी ममता चाम्लिङको मन पर्ने पर्व हो, होली । हाफ जिन्समा टिसर्ट लगाएर साथीसंगीहरूसँग रंगीन, रङ दल्न र नाचगान गर्न उन निकै रुचाउँछिन् । अरू बेला बोल्दै नबोल्ने साथी होलीमा खुसी हुँदै रङ लगाउन आउने भएकाले यो पर्व विशेष र रमाइलो लाग्ने चाम्लिङले बताइन् । उनले भनिन्, 'रङ खेल्दा नयाँ साथी बनाउने मौका पनि मिल्छ ।'

बबरमहल बस्ने २४ वर्षीया आयुष्मा साहको स्थायी घर सिराह हो । तराईमा होली सोमबार परेकाले उनले यो पर्व मनाउन घर जान लागेको सुनाइन् । घरमा सकेसम्म छोरीले कुर्था नै लगाउने चलन रहेकाले टिसर्टको विकल्पमा सेतो कुर्था किन्ने उनले बताइन् । 'काठमाडौंमा टिसर्ट बढी किन्छन् । हामी कुर्था रोज्छौं । उता अलि सस्तो पर्ने भएकाले घरबाटै किनिदिनुहुन्छ,' उनले भनिन् ।

बागबजारका कपडा व्यापारी भुवन क्षेत्रीले होली लक्षित टिसर्ट प्रिन्टको माग अत्यधिक बढेको बताए । एक सातामा दैनिक तीनदेखि चार हजार होली लेखिएका टिसर्ट प्रिन्ट गर्ने गरिएको उनको भनाइ छ । 'मागअनुसारको अझै उत्पादन गर्न सकेका छैनौं,' भुवनले भनिन्, 'होलीको दिनसम्म यस्ता सेता टिसर्टको मागसँगै व्यापार हुन्छ ।' नेवारी, तामाङ, अंग्रेजी, नेपालीलगायत भाषामा अक्षर तथा संकेत टिसर्टमा प्रिन्ट गर्ने गरेको उनले बताए । 'नेवार संस्कृति झल्किने र 'हेप्पी होली' लेखिएका टिसर्ट खोज्दै धेरै आउनुहुन्छ,' उनले भनिन्, 'सकेसम्म सबैको चित्त बुझाएर बजारमा सामान पठाउने गरेका छौं ।'

### होली र पहिरनको मनोविज्ञान कहाँबाट आयो ?

होली र पहिरनको मनोविज्ञान कहाँबाट आयो भन्ने ठ्याक्कै भन्न नसकिए पनि पछिल्लो पुस्ता सेतो कपडामा रंगीविरंगी रङ पोख्न रुचि राख्छन् । संस्कृतिविद् धिरेन्द्र प्रेमर्षिले होलीमा सेतो कपडा खोज्नु भनेको चित्र र क्यानभाससँगको भाव समेटिएको बताए । 'जसरी कुनै सेतो क्यानभासमा अनेक रङका आकृति खुल्छन्, उसैगरी होलीमा सेतो पहिरनले रङ भर्न सहज हुन्छ । यसका लागि नयाँ टिसर्ट वा कुर्था नै चाहिन्छ भन्ने चाहि छैन,' उनले भने ।

नयाँ नै खोज्नु भनेको पुँजीवादी समाजको प्रभाव रहेको प्रेमर्षिको बुझाइ छ । बाल्यकालको सम्झना गर्दै उनले भने, 'हामी सानो छँदा नयाँ लुगामा रंग लाग्छ भनेर होलीमा फाटेका र पुराना लुगा लगाउथ्यौं ।' अहिले समाज चाहिनेभन्दा बढी देखासिखीमा रुमलिएको उनको भनाइ छ ।

सेतो रङको लुगामा होली खेल्नु ठिकै हो भन्दै नयाँ खरिद गर्नैपर्ने बाध्यकारी संस्कृति हुन नहुने प्रेमर्षिले बताए । पछिल्लो समय चलचित्रहरूले होलीमा सेतो पहिरन नै लगाउनुपर्छ भन्नेतर्फ प्रोत्साहन दिएको उनको धारणा छ । होली पर्व अर्को अर्थमा रङहरूको समानता र एकताको प्रतीकसमेत रहेको प्रेमर्षिले बताए । 'होली पर्वले रङमा समानता महसुस गराउँछ,' उनले भने । *रासस*

# मिथिलामा होलीः सद्भावसँगै जोडिएको संस्कृति

**काठमाडौं–** फागुन शुक्लपक्षको पूर्णिमा तिथिका दिन होलिका दहन गरेसँगै होली मनाउने गरिन्छ । यद्यपि तराई भेगमा भने पूर्णिमाको दिन होलिका दहन गरे पनि भोलिपल्ट (प्रतिपदाको दिन) मात्र होली मनाउने गरिएको छ ।

बराह पुराणअनुसार पाटवास–विलासिनी अर्थात् पाउडर मिलेर बनेको खेलका रूपमा रहेको फागुपूर्णिमा सामाजिक सद्भाव र माधुर्यता झल्काउने असत्यमाथि सत्यको विजय भएको उपलक्ष्यमा मनाउने पर्व हो । असत्यको पक्षमा लागेकी होलिकाको दहन भएको स्मरणमा यो पर्व मनाउने गरिन्छ ।

मिथिला संस्कृतिमा पूर्णिमाका दिन जनकपुरलगायत देवालयमा विशेष मेला लाग्ने गर्छ । पूर्णिमाको दिन जनकपुरधामको परिक्रमा गरिने भएकाले मदिरा र मासु सेवन बर्जित हुन्छ । पूर्णिमाका दिन १५ दिने परिक्रमाको समापन गरिने हुँदा मिथिलावासी भोलिपल्ट होली मनाउने गर्छन् ।

मिथिला संस्कृतिमा वसन्त पञ्चमीको दिनदेखि डम्फ र मजिराका साथ होलीका गीत गाउने होलैता तयार हुन्छन् । यो क्रम फागुपूर्णिमाको भोलिसम्म चल्छ । पूर्णिमाको राति होलीका गीत (फागु) गाउँदै होलिका दहन गरिन्छ र भोलिपल्ट फागु मनाइन्छ । फागुका दिन रंग तथा अबिर खेलेर बेलुका होलिका दहन गरिएको स्थानमा गएर खरानी उडाउँदै 'जे जीवे से खेले फागु' भन्दै त्यहाँबाट 'चैतावर' गीत (चैत महिनाको गीत) गाउँदै फर्किने गरिन्छ ।

पहिलेपहिले गाउँघरमा दूध र मसलामिश्रित भाङ तयार हुन्थ्यो । होलैता समूहमा प्रत्येक टोलको मानिसहरू सहभागी हुन्थे र उनीहरू घरघरमा पुगेर होली गीत गाउने गर्थे । होलैतालाई भाङ, अबिर, पान र मसालेदार सुपारी प्रदान गरी बिदा गरिन्थ्यो । यद्यपि पछिल्लो समय यो संस्कृति बिस्तारै लोपोन्मुख छ । 'परदेशीया ल धोतिया रंगावे गोरिया,' 'हो रंगावे गोरिया..,' 'जमुना तट श्याम खेलैय होरी,' 'किनकर हाथ अबिर झोरी..' लगायत गीत अहिले विरलै सुनिन्छन् ।

सामाजिक सद्भाव, सांस्कृतिक एवं ऐतिहासिक पर्व फागुको मौलिकतालाई गम्भीरतापूर्वक नलिएकाले अहिलेको होलीमा संकीर्णता छाएको आभाष हुन्छ । होलीको मिथिला संस्कृति लोप हुनुमा सहरिया र आयात संस्कृति हाबी भएको धीरेन्द्र प्रेमर्षिको साहित्यिक नामले परिचित धीरेन्द्र झाले बताए । रमझम मात्रमा सीमित हुँदा युवाले मिथिलामा मौलिक संस्कृतिलाई बिस्तारै भुलिरहेको उनको बुझाइ छ ।

'पहिला गाउँमा रातपरेपछि गाउँ बूढापाका एकत्रित भई झ्याल, मृदंग, ढोल लिएर समूहगत रूपमा होली गीत गाउने गर्नुहुन्थ्यो, अहिले त्यो समय कहाँ रहयो र ?, गाउँका अधिकांश युवा कामका लागि विदेशमा गएका छन्, बाँकी रहेका बूढापाकाले कहिलेकाहीँ मात्र जोगिरा गाउने गरेका छन्, सांस्कृतिक दृष्टिकोणले अति महत्त्वपूर्ण रहेको होली पर्वले सबै जातजातिलाई प्रभाव पारेको छ तर यसको रौनकता नै समाप्त भएर जान लागेको भान भइरहेको छ,' साहित्यकार झाले भने ।

मिथिला संस्कृतिमा वसन्त पञ्चमीको दिनदेखि डम्फ र मजीराका साथ होलैताले होलीका गीत गाउने क्रम फागुन पूर्णिमाको भोलिसम्म चल्छ । 'यो संस्कृति पुस्तान्तरण भएन, किनकि माओवादी युद्धको समयमा रातमा होलैताले गीत गाउन सकेनन्,' साहित्यकार झाले भने, 'होलीमा गाइने गीतसँगै संस्कृति नयाँ पुस्तामा नआउँदा अहिले होलौता भेटिँदैनन्, नयाँ पुस्ता संस्कृतिसँग बेखबर छन्, गाइने गीत पनि कहाँ सुरु हुन्छन्, कहाँ अन्त्य हुन्छन् ? बुझ्न मुस्किल छ ।' *रासस*

# बसाइँसँगै सऱ्यो होली

**दोधारा चाँदनी (कञ्चनपुर)–** असत्यमाथि सत्यको विजय उत्सवका रूपमा मनाइने होली पर्व सुदूरपश्चिमका हरेक जिल्लामा पृथक तरिकाले मनाइने गरिन्छ । कैलाली र कञ्चनपुरका राना थारू समुदायको होली पर्व भिन्न छ भने अन्य पहाडी जिल्लाबाट यहाँ बसाइँसराइ गरी आउनेको होली भिन्न छ ।

पछिल्लो समय पहाडी जिल्ला अछाम, बैतडी, दार्चुला र डडेलधुराबाट तराईमा बसाइँ सरेर आउनेले पनि आ–आफ्नो ढंगले होली मनाउन थालेका छन् । यहाँ बसोबास गर्ने अछामी समुदायले भिन्न तरिकाले होली मनाउने गरेका छन् भने डडेलधुराको रूपाली होली भिन्न छ । त्यसैगरी, दार्चुला र बैतडीबाट बसाइँ सरी आएकाले होली भिन्न तरिकारले मनाउने गरेका छन् ।

हाल कञ्चनपुरमा अछामी होली, रूपाली होली र दार्चुला बैतडीको होली भिन्न भिन्न तरिकाले मनाउने गरिएको छ । अछामबाट बसाइँसराइ गरी यहाँ आएकाले आफ्नो संस्कृति संरक्षणका लागि होली पर्व मनाइएको अछाम सेवा समाज कञ्चनपुरका अध्यक्ष रूपबहादुर रावलले बताए । 'हाम्रो अछाममा सेतो जामासहितको लुगा लगाएर रङ नलगाई होली खेल्ने गरिन्छ,' उनले भने, 'अहिले संस्कृति संरक्षणका लागि बसाइँ सरी जो जहाँ छौं, त्यही होली मनाउने गरेका छौं ।' त्यसैगरी, डडेलधुराको रूपालबाट बसाइँ सरी कञ्चनपुर आएकाले पनि भिन्न तरिकाले होली मनाउने गरेका छन् । 'रूपालवासीको होली गाउने खेल्ने तरिका अन्य समुदायको भन्दा भिन्न छ,' स्थानीय डम्बरदत्त भट्टले भने, 'अहिले हाम्रो मौलिक होली पर्व जोगाउन यहाँ होली कार्यक्रमको आयोजना गर्ने गरेका छौं ।' *रासस*

## होलीमा सुरक्षाः उपत्यकामा तीन हजार सुरक्षाकर्मी परिचालन

**काठमाडौं (प्रस)–** जिल्ला प्रहरी परिसर काठमाडौंले फागु पर्व (होली) लाई सुरक्षित र मर्यादित बनाउन उपत्यकामा कडाइ गर्ने भएको छ । होलीलाई लक्षित गरी काठमाडौंमा तीन हजार सुरक्षाकर्मी खटिने भएका छन् ।

होली पर्वका दिन काठमाडौंमा उच्छृंखल गतिविधि गर्ने, लागुपदार्थ सेवन (लापसे) गरी सवारी चलाउने, मादकपदार्थ सेवन (मापसे) गरी हो–हल्ला गर्ने, सर्वसाधारणलाई त्रसित बनाउनेलगायत क्रियाकलाप गर्नेलाई कारबाही गरिने जिल्ला प्रहरी परिसर काठमाडौंका प्रवक्ता एवं प्रहरी उपरीक्षक नवराज अधिकारीले जानकारी दिए । उनले भने, 'हामीले सभ्य, भव्य तरिकामा फागु पर्व मनाउन सबैमा आग्रह गरेका छौं । कानुनविपरीत अवाञ्छित तथा उच्छृंखल गतिविधि गर्नेलाई कानुनबमोजिम कडाभन्दा कडा कारबाही गरिने छ ।' यस वर्षको होली पर्वका लागि दुई हजार ५०० पोसाकधारी र ५०० सादा पोसाकका गरी तीन हजारको संख्यामा प्रहरी खटिने जिल्ला प्रहरी परिसर काठमाडौंले जनाएको छ ।

होली खेल्नेहरूको समूह तथा भीडमा सादा पोसाकका प्रहरी ठूलो संख्यामा परिचालन हुने भएकाले कोही कसैले पनि कानुनविपरीतका गतिविधि गरेको पाइए तत्काल पक्राउ गरिने प्रहरी उपरीक्षक अधिकारीले बताए । 'काठमाडौंका विभिन्न वडामा शान्त वातावरणमा पर्व मनाउन आग्रहसहित माइकिङ गर्दै आएका छौं,' प्ररी उपरीक्षक अधिकारीले भने, 'हाम्रो चाहना भनेको शान्त र सभ्य होली मनाऊनूस् भन्ने हो । हाम्रो आग्रहलाई अटेर गरी कानुनविपरीत क्रियाकलाप गरेमा कानुनी दायरामा ल्याउने छौं ।'


## खडक नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
**कल्याणपुर, सप्तरी**
**मधेश प्रदेश**

### नगरपालिकाद्वारा नगरबासीहरुलाई स्वास्थ्यसम्बन्धी जानकारी मूलक सन्देश

### स्वास्थ्य सम्बन्धी नगरपालिका बासीमा सचेतना

**१) गर्मीयाममा अपनानुपर्ने कुराहरु**
क) सढेंगलेका बासी खानेकुराहरु नखाऔं ।
ख) पानीलाई फिल्टर गरेर वा उमालेर मात्र खाऔं ।
ग) लामखुट्टेको टोकाइबाट बच्न झुलको प्रयोग गरौं ।
घ) पूरा बाउला भएको कपडा लगाऔं ।
ङ) घरवरिपरि सफा गरौं, पानी जम्ने खाल्डाखुल्डी पुरौं ।
च) घरभित्र लामखुट्टे छिर्न नदिन घरको झ्या ढोकामा जाली लगाऔं ।
ङ) समय समयमा स्वास्थ्य परीक्षण गरौं ।



**२) गर्भवती महिलाले ध्यान दिनुपर्ने कुराहरु ।**
क) नियमित स्वास्थ्य जाँच गरौं ।
ख) पोषणयुक्त खानेकुरा खाऊँ/खुवाऔं ।
ग) चिकित्सकको सल्लाहअनुसार भिटामिन/आइरन चक्की खुवाऔं ।
घ) गर्ववती महिलालाई ४/६/८ र ९ महिनामा ४ पटक अनिवार्य जाँच गराऔं ।
ङ) प्रसुती हुन अनिवार्य अस्पताल, Birthing Centre वा प्रसुती गृहमा जाऔं ।



**३) नवजात शिशुलाई स्याहार कसरी गर्ने**
क) नवजात शिशुलाई सकेसम्म छिटो, जन्मेको १ घण्टाभित्र आमाको बिगौती दुध खुलाऔं ।
ख) नवजातशिशुलाई आमाको नाङ्गो छातीमा टाँसेर न्यानो पारी राख्न लगाऔं ।
ग) जन्मन साथ नरम, सफा र सुख्खा कपडाले बेरी न्यानो पारेर राख्नुपर्दछ ।
घ) शिशुको नाभी काटिसकेपछि संक्रमणबाट बचाउन नाभी मलम लगाई नाभीलाई सफा र सुख्खा राखौं ।

**४) झाडापखलाबाट बच्न निम्न उपायहरु अपनाऔं ।**
क) चर्पीमा मात्र दिसापिसाव गर्ने, बच्चाको दिसादिसाप पनि चर्पीमा नै विर्सजन गरौं ।
ख) चर्पीमा गएपछि, बच्चाको चर्पी धोएपछि वा फोहोर छोएपछि राम्रोसँग साबुन पानीले हात धाऔं ।
ग) बासी, काँचो, सढेगलेको खानेकुरा नखाऔं ।
घ) खानेपानीको मुहान सफा र सुरक्षित राखौं ।
ङ) आफ्नो घर, आँगन सफा राखौं ।





## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : STRONTRONIC SDN BHD

पुर्व स्वीकृति मिति २०८०/१२/१० LT. No. 302352 चलानी नं ८०२१७०९८

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव MR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Operator | 0 | 18 | 1500 | ४२,१७८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० चैत १८ गते (31th Mar. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्कः** निःशुल्क/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**KALIKA HUMAN RESOURCE PVT LTD**
Govt. License 1331/074/75
Basundhara, Kathmandu, Nepal. Tel: +977-01-4987803 ,4965281
Email: kalikahuman1331@gmail.com Web: www.kalikahuman.com.np



## कुवेतमा वैदेशिक रोजगारको अवसर

कम्पनी : NOMAD ENTERTAINMENT CO FOR RECREATIONAL & SCIENTIFICE PARKS MANAGEMENT W.L.L.

पूर्व स्वीकृति मिति : २०८०/१२/१० LT No. 302350 चलानी नं.८०२१६४३५

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | ARCADE HELPER | 5 | 10 | 110 | ४७,६३६ | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | Cleaner | 2 | 2 | 90 | ३८,९७५ | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० चैत १८/१९ गते (31th/1st Mar./April 2024)

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्कः** निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरू साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Supreme Overseas Pvt. Ltd.**
श्रम इजाजत नं. ३०१/०५९/०६०
Koteshwor-32, Kathmandu, Nepal.
Phone: +977-1-4610716, 9813327241, 9741877355, 9841359033, 9851107202
Email: supremeovs@yahoo.com, supremeover301@gmail.com,
Web: www.supremeoverseas.com.np

प्रभाव दैनिक
National Daily

## सम्पादकीय

# संयम भई मनाऔं होली

आज फागु (होली) पर्व । काठमाडौं उपत्यका र मुलुकको पहाडी क्षेत्रमा आज होली पर्व मनाइँदै छ । तराईमा भने भोलि पूर्णिमाका दि होली मनाउने गरिन्छ । रङहरूको पर्व मानिने होली अहिले सबै नेपालीले हर्षोल्लासका साथ मनाउन थालेका छन् । विगतमा भन्दा होली पर्वको व्यापकता फैलिँदै गएको छ । विभिन्न क्षेत्र र समुदायअनुसार फरक–फरक रूपमा यो पर्व मनाउने गरिएको छ । जस्तोः काठमाडौं उपत्यकासहित सहरी क्षेत्रमा मनाउने होली र सुदूरपश्चिममा मनाउने होलीमा भिन्नता पाइन्छ । राना थारुहरूले मनाउने होली अझ पृथक रहेको पाइन्छ । यस्तो विविधताले होली पर्वको महत्त्वलाई झन् बढाएको छ ।

होली पर्वका बारेमा थुप्रै मिथक छन् । हिन्दू धार्मिक कथनअनुसार युवा अवस्थाका चुलबुली कृष्णले एक दिन झुक्याएर राधाको मुहारमा रङ दलिदिएछन् । रङ लगाउँदा भागादौड भएछ । यो गतिविधि सबैले रमाइलो मान्न थालेर होली पर्व मनाउन थालिएको किंवदन्त छ । अर्को कथन विष्णुका भक्त प्रह्लादसँग पनि जोडिएको छ । सत्यको विजय र असत्यको नाश भएको उत्सवका रूपमा होली पर्व मनाइने गरिएको आम विश्वास छ ।

होली पर्व विशेषगरी युवाहरूमाझ लोकप्रिय बन्दै गएको पाइन्छ । एक अर्कालाई रङ दलेर रमाइलो गरी मनाइने भएकोले युवाहरूको आकर्षण बढेको बुझ्न सकिन्छ । होली संस्कृति यसरी युवाहरूले अँगाल्दै जानु राम्रो पक्ष हो । यसले होली पर्वको संरक्षण र प्रवर्द्धनमा योगदान पुर्‍याउने छ । तर, होली पर्वमा अनेक विकृतिसमेत बढ्दै गएका छन् । जथाभावी रङ, लोला, केमिकल मिसाइएका पानी छ्याप्ने, मादकपदार्थ तथा लागुपदार्थ सेवन गरी उच्छृंखल गतिविधि गर्नेजस्ता विकृतिहरू बढ्दै गएको छ । यसले समग्र पर्वलाई विकृत त बनाएको छ नै उच्छृंखल रूपमा होली मनाउँदा बर्सेनि धेरैले ज्यान गुमाउन पुगेका छन् । कतिपय असावधानीका कारण पनि ज्यान जाने गरेको छ । घरको छतमा होली मनाउँदा लडेर ज्यान गएका थुप्रै उदाहरण विगत वर्षहरूका छन् । त्यसैले होली संयमित र मर्यादित रूपमा मनाउन आवश्यक छ ।

आफ्नो समूहमा संयमताका साथ होली मनाउनुबाहेक अपरिचित र बटुवालाई लोला, रङ, पानीलगायत हान्नु, मादकपदार्थ वा लागुपदार्थ सेवन गरी होहल्ला गर्नु, झैझगडा गर्नु गैरकानुनी काम हो । त्यसैले यस्तो व्यवहार गर्नेमाथि प्रहरीले निगरानी बढाउनुपर्छ । यस्ता क्रियाकलापमा संलग्नहरूलाई नियन्त्रणमा लिई कारबाही गर्नु प्रहरीको जिम्मेवारी हो । मनोरञ्जन गर्न कसैलाई रोक लगाउनु हुन्न तर मनोरञ्जनको नाममा हुने उच्छृंखलता बन्द गराउनैपर्छ । यसमा होली मनाउने सम्पूर्णको ध्यान जाओस् । होलीको शुभकामना !

## मननयोग्य

### चाणक्य नीति

ईश्वर त अत्यन्तै दयालु छन्, उनैले त हजुरलाई मसम्म पठाए । चाणक्य अर्थात् विष्णुगुप्तका यस्ता कुरा सुनेर पण्डितजी केही हाँसे अनि भने- 'कुनै चिन्ता छैन, तिमी मसँग हिंड, म गाउँको एक पाठशालाको अध्यापक हुँ अनि म पनि एक्लै छु । ती पण्डितजी आफ्नो गाउँमा पुगे । दुई तीन दिनको सेवापछि विष्णुगुप्त स्वस्थ पनि भए । एक दिन विष्णुगुप्तले पण्डितजीसँग भने- 'हजुरले म अनाथलाई पितातुल्य स्नेह दिनुभयो, म हजुरको ऋणबाट कसरी मोक्ष पाउँला ! मेरा पिताजी धेरै पढाउने इच्छा गर्नुहुन्थ्यो । के हजुर मलाई शिक्षा दिनु हुन्छ । किन हुँदैन बाबु ! शिक्षा दिनु नै हाम्रो धर्म हो । म जति योग्य छु, तिमीलाई पनि अवश्य योग्य बनाउछु', पण्डितजीले भने ।

विष्णुगुप्त पण्डित राधा मोहनको पाठशालामा विद्या पढ्न थाले । उनको लगनशीलता, बुद्धि, चातुर्य केही दिनपछि अगाडि आउन लाग्यो । कुनै विद्यार्थीलाई धेरै घोके (रटे) पनि हेक्कै नहुने कुनै कुरा ती विष्णगुप्त सुनेर मात्र कण्ठस्थ (मुखाग्र) गर्दथे प्रत्येकका मुखबाट विष्णुगुप्तको प्रशंसा सुनिन थाल्यो ।

थोरै समयमा नै जिज्ञासु विष्णुगुप्तले गुरुका खुट्टा दबाउँदै तक्षशिला विश्वविद्यालयमा अध्ययन गर्ने आफ्नो इच्छा प्रकट गरे । यो कुरा सुन्दा पण्डित राधामोहन गद्गद् भए । उनले विष्णुगुप्तलाई अँगालो हालेर आँखाभरि आँसु पार्दै भने- 'बाबु ! तिमीले मेरो मनको बोली बोल्यौ, मेरो आफ्नो ठूलो इच्छा थियो कि यो विद्यालयको कुनै विद्यार्थी तक्षशिला गएर ज्ञान आर्जन गरोस् र यो विद्यालयको नाउँ उच्च पारोस् र मलाई तिम्रो प्रतिभामाथि, तिम्रो विलक्षण बुद्धिप्रति पूरा विश्वास छ, तिमी एक दिन यो विद्यालयलाई पनि महाविद्यालयको स्तर प्रदान गर्न सक्नेछौ । तिमी तक्षशिला विश्वविद्यालयमा हजारौं विद्यार्थी बीचमा स्वाती नक्षत्रझैं चम्कनेछौ । मेरो आशीर्वाद सधैं नै तिम्रो साथ छ ।

गुरुका यस्ता वचन सुनेर अनायास नै विष्णुगुप्त (चाणक्य) लाई आफ्ना पिताको सम्झना आयो । उनलाई यस्तो लाग्न थाल्यो कि म अब आफ्नो प्रतिज्ञा अवश्य पूर्ण गर्न सक्छु । क्रमश:

# बजेट निर्माण चक्रका आधारभूत विषय



नेत्र सुवेदी 'प्रयास'

> बजेट आफैंमा सार्वजनिक सम्पत्ति हो । कुन मन्त्रालयले के कस्तो बजेट कार्यान्वयनमा ल्याएको छ र कार्यान्वयनको कुन चरणमा छ भन्ने विषय मिडिया एवं सर्वसाधारण नागरिकले समेत जानकारी पाउने हक राख्दछन् । बजेट राख्दा धेरै नै महत्त्वाकांक्षी हुने तर उपलब्ध न्यून हुने सन्दर्भमा आयोजनाको तयारीसँगै बजेटको तयारी गर्ने र तीन तहका सरकारबीच सूचना आदानप्रदानलाई चुस्त बनाउँदै बजेट तयारी र कार्यान्वयनलाई प्राथमिकताको विषय एवं सबैको चासो र सरोकारको विषय बनाउन आवश्यक देखिन्छ ।

सार्वजनिक क्षेत्रमा वित्तीय जवाफदेहिताको माध्यम मात्र होइन कि बजेट निर्माण आम सरोकारको विषय पनि हो । त्यसो त बजेट भनेको एउटा समग्र प्रक्रियाको छोटकरी नाममात्र हो । संविधानमै व्यवस्था गरेअनुसार राजस्व र व्ययको अनुमान गर्ने र संसद्को संयुक्त बैठकमा अर्थमन्त्रीले पेस गर्नुभन्दा अगाडि लामो प्रक्रिया पूरा गरेर मात्र बजेट तयारी हुने गर्दछ । बजेट निर्माणका चरणहरू र वित्तीय उत्तरदायित्व बहन गर्ने क्रममा विभिन्न निकाय र पदाधिकारीलाई निर्धारण भएको जिम्मेवारीका साथै परियोजना तयारी र बजेटको अनुमान सम्बन्धमा खासगरी आयोजना व्यवस्थापन र बजेट चक्रमा हाल देखिएका सवालहरूमा अख्तियार दुरूपयोग अनुसन्धान आयोगबाट गत कात्तिकमा उपलब्ध गराइएको २२ बुँदे सुझावमा आधारित भएर यो आलेखमा चर्चा गरिएको छ ।

### सुझावमा के छ ?

आय र व्ययको अनुमानको प्रारम्भ राष्ट्रिय योजना आयोगले तत्काल लागू रहेको आवधिक योजनाको आधारमा हरेक वर्ष आगामी आर्थिक वर्ष र त्यसपछिका दुई वर्ष गरी तीन वर्षको आय र व्ययको अनुमान समेट्ने मध्यकालीन खर्च संरचनाको खाका तयार गर्नुपर्दछ । त्यस्तै प्रत्येक मन्त्रालयले आवधिक योजना र क्षेत्रगत नीति तथा कार्यक्रमका आधारमा तीन वर्ष अवधिको आम्दानी र खर्चको प्रक्षेपणसहितको मध्यमकालीन खर्च संरचना तयार पारी राष्ट्रिय योजना आयोग र अर्थ मन्त्रालयमा बुझाउनुपर्दछ । यसरी मध्यमकालीन खर्च संरचनाको खाका तयार गर्दा आगामी तीन वर्ष अवधिको समष्टिगत वित्त खाका, बजेट तथा कार्यक्रमको खाका र नतिजाको खाकाको साथै प्रस्तावित आयोजना तथा कार्यक्रमको क्रियाकलापगत रूपमा प्रतिएकाइ लागत तथा सम्पन्न गर्न लाग्ने समयका साथै कार्यान्वयनबाट प्राप्त हुने प्रतिफलसमेत खुलाई प्रत्येक आयोजना तथा कार्यक्रमको प्राथमिकतासमेत खुलाउनुपर्ने व्यवस्था आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ६ ले गरेको छ ।

आयोजना व्यवस्थापनलाई व्यवस्थित, परिणाममुखी र अनुशासित बनाउन आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन तथा नियममा व्यवस्था भएका विषयलाई नै पहिलो बुँदाको सातवटा खण्डमा सुझाव समेटिइएको देखिन्छ । पहिलो, तिनै तहका सरकारले आयोजना बैंक, तीन वर्ष अवधिको मध्यमकालीन खर्च संरचनाको प्रयोग गर्नुको साथै यिनलाई मन्त्रालयगत बजेट सूचना प्रणाली (संघ र प्रदेश) र स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणालीबीच अन्तरआबद्धता कायम गर्न भनिएको छ ।




दोस्रो, राष्ट्रिय योजना आयोगले निकायगत बजेट सिलिङ उपलब्ध गराउनुपूर्व तत्तत् निकायसँग तयारी पूरा भएका आयोजनाको विवरण माग गरी जिम्मेवार पदाधिकारीलाई बोलाई चरणबद्धरूपमा छलफल गर्ने भनिएको र सो अनुसार यो वर्ष आयोगको टिमले काम गरिरहेको बुझिएको छ । तेस्रो, तीन तहले सञ्चालन गर्ने आयोजना वर्गीकरणको वस्तुगत मापदण्ड बनाई सो मापदण्डले तोकेअनुसारका प्रकृति र लागत सीमाभित्रका आयोजनामात्र आयोजना बैंकमा प्रविष्ट हुने र सो सीमाभित्र रही आयोजना बैंकमा प्रविष्ट नभएका आयोजनामा बजेट विनियोजन नहुने व्यवस्था गर्न भनिएको छ ।

चौथो, आयोजना बैंकमा प्रविष्ट गर्नुअघि आयोजनाको विस्तृत अध्ययन गराई आर्थिक, वित्तीय, प्राविधक र वातावरणीय दृष्टिले उपयुक्त देखिएका र जग्गा प्राप्ति, वन क्षेत्रको उपयोग, रुख कटान, आइई/इआइएका लागि कानुनी प्रक्रिया पूरा भएका आयोजना मात्र समावेश गर्नुपर्ने, पाँचौं, मन्त्रालय र निकायहरूले बजेट तर्जुमा गर्दा प्राप्त सिलिङभित्र रही आयोजना बैंकबाट छनोट र प्राथमिकीकरण भई मध्यमकालीन खर्च संरचना व्यवस्थापन सूचना प्रणालीमा अद्यावधिक भएका आयोजनाहरूमा मात्र प्राथमिकताका आधारमा बजेट प्रस्ताव गर्नुपर्ने र राष्ट्रिय योजना आयोग र अर्थ मन्त्रालयमा हुने बजेट छलफलमा मन्त्रालय र निकायको अधिकारप्राप्त अधिकारीबाट निर्णय गराएर मात्र मन्त्रालयगत बजेट सूचना प्रणालीमा अन्तिम प्रविष्ट गर्ने भनिएको छ । सातौं अर्थात् अन्तिम खण्डमा उल्लिखित प्रावधानविपरीत बजेट प्रक्रिया अगाडि वढाउनु भनेको कानुनविपरीत हुने र त्यस्तो कार्यका लागि सम्बन्धित अधिकारी जिम्मेवार हुने हुँदा त्यस्तो कार्य नगर्ने, नगराउने भनी ध्यानाकर्षण गराइएको छ ।

अख्तियारले उपलब्ध गराएका बुँदा दुईदेखि २२ सम्म समेटेका सुझावहरूको संक्षेपीकृत विषयवस्तु र सन्देशका सम्बन्धमा उल्लेख गर्नुपर्दा आर्थिक वर्षको बीचमा कार्यकारी निर्णयबाट बजेटमा समावेश गरी कार्यान्वयनमा लैजानु संविधान र कानुनको मर्मविपरीत हुने र अख्तियारको समेत दुरूपयोग हुने हुँदा तीनै तहले यस्तो प्रवृत्तिको अन्त्य गर्ने भनिएको छ भने समपूरक/विशेष अनुदानका आयोजना प्रस्ताव गर्दा आवश्यकता र औचित्य पुष्टि हुनेगरी कानुनतः जिम्मेवार पदाधिकारीबाट निर्णय गरी आवश्यक कागजातसहित मात्र आयोजना बैंकमा प्रविष्ट गर्नुपर्ने र विवरण फरक पर्न गएमा प्रस्तावक, सिफारिसकर्ता र निर्णयकर्ता जिम्मेवार हुने बताइएको छ । त्यसैगरी बजेट तर्जुमाकै चरणमा पर्याप्त ध्यान पुर्‍याई रकमान्तर गर्नुपर्ने अवस्था आउन नदिने र सार्वजनिक स्रोतको उपयोगिता र प्रतिफलका दृष्टिले रकमान्तर गर्न औचित्यपूर्ण ठहर भएमा मात्र दोस्रो र तेस्रो चौमासिकमा मात्र गर्न सक्ने गरी मापदण्ड बनाई कार्यान्वयनमा ल्याउने भनिएको छ ।

बहुवर्षीय आयोजना सम्बन्धमा वस्तुगत मापदण्ड बनाई प्रयोगमा ल्याउने र आवश्यकता र औचित्यका आधारमा मात्र बहुवर्षीय आयोजनामा स्रोत सहमति दिने व्यवस्था गर्न लेखिएको छ । स्वीकृत वार्षिक खरिद योजनाअनुसार समयमै खरिद गर्ने र खरिद सम्झौताबमोजिमको कामको गुणस्तर अनुगमन गरी कार्यसम्पन्न भएपश्चात् भुक्तानी दिनुपर्नेमा नयाँ आर्थिक वर्षमा दायित्व सार्ने कार्य कानुनविपरीत हुने र सम्बन्धित अधिकारीले जिम्मेवारी लिनुपर्ने हुँदा कानुनको प्रतिकूल हुनेगरी यस्तो कार्य नगर्ने, नगराउने भनिएको छ । त्यसैगरी संघ, प्रदेश र स्थानीय तहले बजेट तर्जुमा गर्दा आयोजना र कार्यक्रमको तल्लो सीमा कायम गरी बजेट तथा कार्यक्रम कार्यान्वयनमा अनुशासन कायम गर्ने सुझाव छ ।

योजना छनोट, बजेट तर्जुमा र कार्यान्वयनका हरेक चरणमा प्रशासनिक र राजनीतिक नेतृत्वले सामूहिक जिम्मेवारी र जवाफदेहिता निर्वाह गर्नुपर्ने विषय महत्त्वपूर्ण छ भने र सार्वजनिक खरिद कार्यको सूचना आह्वान गर्नुपूर्व अनिवार्यरूपमा निर्माणस्थल वा खरिद गर्न चाहेको सेवाको विषयमा तयारीको अवस्था यकीन गरेर मात्र खरिद कार्य प्रारम्भ गर्ने । यकीन गर्नका लागि आवश्यक परेमा सम्बन्धित विषयका विज्ञ/कर्मचारी खटाई निजले पेस गरेको प्रतिवेदनको आधारमा मात्र खरिद कार्य अगाडि बढाउने भनिएको छ । त्यस्तै तीनै तहका सरकारले बजेट स्वीकृतिको चरणमा ठूलो रकम अबण्डामा राख्ने र बजेट कार्यान्वयनका चरणमा विनातयारीका र प्रतिफल बेगरका आयोजना प्रविष्ट गर्ने तथा बजेट छर्ने प्रवृत्तिलाई अन्त्य गर्ने भनिएको छ भने यो विषयका सम्बन्धमा उजुरी परेमा अख्तियारले गम्भीरतापूर्वक लिई अनुसन्धान गर्नेसमेत भनिएको छ ।

तीनै तहका सरकारले नीति कार्यक्रम र बजेट तयार गर्दा दोहोरोपना नहुनेगरी तयार गर्ने र कार्यान्वयनमा समन्वय र सहकार्य गर्दै विनियोजित स्रोतको कुशल परिचालन गर्ने सुझावका साथै बजेट तर्जुमा गर्दा राष्ट्रिय योजना आयोगले उपलब्ध गराएको सिलिङ र बजेट तर्जुमा दिग्दर्शन, प्रचलित कानुन र प्रस्तावित कार्यक्रमको औचित्य र उपलब्धिलाई समेत ध्यान दिई बजेट प्रस्ताव गर्ने, एक आर्थिक वर्षभन्दा बढी समय लाग्ने आयोजनाको हकमा बहुवर्षीय खरिद योजना र वार्षिक खरिद योजना बनाई आयोजना बैंकमा प्रविष्ट गरी सोहीअनुसार स्रोतको सुनिश्चित भएपश्चात् मात्र खरिद कार्य अगाडि बढाउने भनिएको छ । यसविपरीत गरी राज्यलाई हानि नोक्सानी हुन गएमा अनुसन्धानको विषय हुने, बजेट कार्यान्वयन कार्ययोजना बनाई कार्यान्वयन गर्ने, खरिद चक्रका कार्य समयमै अगाडि बढाउनेसमेत सुझावमा परेको छ ।

मन्त्रालयस्तरको निर्णयबाट कार्यविधि बनाई कोष स्थापना गर्ने, संगठन संरचना र दरबन्दी थप गर्ने तथा स्थानीय तहमा योजना आयोग गठन गर्ने, कर्मचारी तथा पदाधिकारीको सेवा सर्त सुविधा तोक्ने, निजी सचिव र सल्लाहकार जस्ता पद सिर्जना गर्नेलगायतका सारभूत विषयहरू समावेश गरी व्ययभार थप्ने कार्य कानुनविपरीत हुनुको साथै सार्वजनिक कोषको अपव्यय हुने हुँदा उक्त कार्य तत्काल रोक्ने भनिएको छ । राष्ट्रिय योजना आयोगको नेतृत्वमा सरकारको अधिकार क्षेत्र, आयोजनाको प्रकृति र लागतको आधारमा तीन तहबाट कार्यान्वयन हुने आयोजनाको वर्गीकरण गरी आयोजना कार्यान्वयनमा प्रभावकारिता वृद्धि गर्ने तथा राष्ट्रिय गौरवका र उच्च प्राथमिकतामा रहेका रणनीतिक आयोजनामा मात्र बहुवर्षीय स्वीकृति दिनेगरी मापदण्ड तर्जुमा गर्ने विषय परेको छ । वहुवर्षीय आयोजना छनोट गर्दा नेपाल सरकारबाट स्वीकृत मापदण्डबमोजिमबाहेक नगर्ने र बहुवर्षीय आयोजनामा स्रोत सुनिश्चित गर्दा हालसम्म कार्यान्वयनमा रहेका आयोजनाको स्रोत व्यवस्थापनको निधो नगरी थप वहुवर्षीय आयोजनाको स्रोत सुनिश्चत नगर्ने भनिएको छ ।

त्यस्तै अर्थ मन्त्रालयले हालसम्म स्वीकृत दिएका तर कार्यप्रारम्भ नभएका बहुवर्षीय आयोजनाको पुनरवलोकन गरी जिल्लागत विवरण वेबसाइटमार्फत सार्वजनिक गरी सार्वजनिक स्रोतमा रहेको नागरिक चासो सम्बोधन गर्ने भनेर नागरिकको पक्षबाटसमेत सुझावमा समेटिएको छ । त्यस्तै राष्ट्रिय गौरवका आयोजना, दीर्घकालीन महत्त्वका रणनीतिक आयोजना र क्रमागत आयोजनाबाहेकका आयोजना नेपाल सरकारले कार्यान्वयन नगर्ने नीति लिने र ठेक्का व्यवस्थापनमा रहेका समस्या समाधान गर्न निश्चित समयसम्म ठेक्का नलगाएमा स्वतः अर्थ मन्त्रालयमा बजेट समर्पण हुने पद्धति विकास गर्ने । मोबिलाइजेसन पेस्कीमा रहेको विकृति रोक्न यसको विधि र पद्धति कार्य सम्पादनमुखी बनाउनेगरी सुधार गर्ने, तीनै तहका सरकारले लागतमैत्री, प्रतिफलयुक्त र लाभग्राहीको जीवनस्तर उकास्ने प्रकृतिको आयोजना/कार्यक्रम स्वीकृत मापदण्ड/निर्देशिका/कार्यविधिबमोजिम मात्र छनोट तथा कार्यान्वयन गर्ने विषयसमेत परेको छ ।

अत्यधिक संख्या र लागतका आयोजना/कार्यक्रममा स्रोत सुनिश्चितता दिँदा राज्यलाई दीर्घकालीन रूपमा असिमित दायित्व सिर्जना हुने हुँदा त्यस्तो स्रोत सुनिश्चितको निश्चित सीमा तोक्नुपर्ने विषय आयोगको सुझावमा परेको छ । मन्त्रालय र केन्द्रीय निकायका साथै प्रदेश सरकार र स्थानीय तहलाई समेत वित्तीय सुशासन कायम गर्न यी सुझावहरूको हुबहु कार्यान्वयन र पालना सहयोगी हुने देखिन्छ । योबाहेक पनि बजेट कार्यान्वयनको अनुगमन तथा मूल्यांकनको काम सम्बन्धित मन्त्रालय तथा निकायका सचिवले मासिकरूपमा गरी प्रतिवेदन गर्नुपर्ने र मन्त्रीले हरेक तीन महिनामा अनुगमन मूल्यांकन गरी कुनै समस्या भए समाधानको पहल गर्नुपर्ने कानुनी व्यवस्था रहेबाट अनुगमन मूल्यांकनको कार्यलाई महत्त्वका साथ हेर्नुपर्ने देखिन्छ ।

### निष्कर्ष

बजेट आफैंमा सार्वजनिक सम्पत्ति हो । कुन मन्त्रालयले के कस्तो बजेट कार्यान्वयनमा ल्याएको छ र कार्यान्वयनको कुन चरणमा छ भन्ने विषय मिडिया एवं सर्वसाधारण नागरिकले समेत जानकारी पाउने हक राख्दछन् । बजेट राख्दा धेरै नै महत्त्वाकांक्षी हुने तर उपलब्ध न्यून हुने सन्दर्भमा आयोजनाको तयारीसँगै बजेटको तयारी गर्ने र तीन तहका सरकारबीच सूचना आदानप्रदानलाई चुस्त बनाउँदै बजेट तयारी र कार्यान्वयनलाई प्राथमिकताको विषय एवं सबैको चासो र सरोकारको विषय बनाउन आवश्यक देखिन्छ । अब बन्ने बजेटमा यसअघि रहे भएका जथाभावीपन नदोहोरिने अपेक्षा गरौं । *रासस*

*(लेखक सञ्चार तथा सूचना प्रविधि मन्त्रालयका सहसचिव एवं प्रवक्ता हुन्)*

## पत्र-मञ्जुषा

# होली खेल्ने नाममा अरूलाई दुःख नदिऔं

आज फागुपूर्णिमा अर्थात् होली पर्व हो । चाडपर्व नेपालीको परम्परा हो । नेपालीले धुमधामसँग चाडपर्व मनाउँदै आएका छन् ।

तर, पछिल्लो समय चाडपर्वको नाममा तडकभडक गर्ने, उच्छृंखल क्रियाकलाप गर्ने क्रम बढेको छ । सरकारले सभ्य र मर्यादित भएर चाडपर्व मनाउन आग्रह गरे पनि कसैले मानेका छैनन् । जसका कारण जनधनकै क्षति हुँदै आएको छ । होली रंगको पर्व हो ।

एकअर्कामा रंग र पानी छ्यापाछ्याप गरेर हर्षोल्लासका साथ होली मनाइन्छ । होली मनाउँदा आफ्नो परिवार, साथीभाइ वा आफन्तसँग मात्र मनाउन सरकारले आग्रह गरेको छ । घरको छतमा बसेर होली नखेल्ने, बाटो हिँड्नेलाई पानीको फोहोरा नहान्न, होली खेल्ने क्रममा महँगा गरगहना नलगाउन, मादकपदार्थ सेवन गरेर सामाजिक शान्तिसुरक्षा खलल नपार्ने आमसर्वसाधारणलाई सूचित गराइएको छ ।

विगतको वर्षलाई हेर्ने हो भने होली खेल्ने क्रममा धेरैको ज्यान गएको छ । छतमा बसेर होली खेल्दा त्यहाँबाट लडेर ज्यान नै गुमाउनुपरेकोसम्म घटना छ । होली खेल्ने नाममा विकृति भित्रिएको छ । जबरजस्ती रङ् हालिदिने, रंगमा विभिन्न केमिकल, मोबिल मिसाएर दलिदिने, मर्नेगरी लोलाले हिर्काउने कार्य भइरहेको छ ।

रिस साँध्ने राम्रो माध्यम पछिल्लो समय होली बनेको छ । रङमा खुर्सानी मिसाएर दलिदिन्छन्, कसले दल्यो थाहा हुँदैन । होली हो भन्दैमा बाटो हिँड्नेमाथि पानी खन्याउन पाइँदैन । यो गैरकानुनी हो । सामाजिक शान्ति सुरक्षाविपरीतको कसुरमा प्रहरीले त्यस्ता व्यक्तिलाई पक्राउ गर्न सक्छ ।

कोही अस्पताल हिँडेको हुन्छ, कोही काममा । कसैलाई कतै पुग्न हतारो भएको हुन्छ । छतमा बसेर पानी खन्याउनेलाई एकछिनमा मज्जा होला, तर कतै पुग्न हिँडेको व्यक्तिलाई त नमज्जा हुन्छ । लुगा फेर्न घर फर्किऊ ढिलो भइरहेको हुन्छ, नफेरौं चिसो लुगामा कसरी जाऊँ भन्ने हुन्छ ।

त्यसैले कसैलाई पनि यस्तो अवस्थामा नपारिदिऊँ । होली भनेर मादक पदार्थ सेवन गर्ने, होहल्ला गर्ने, सवारी साधन चलाउने कार्य कसैले पनि नगरौं । सानो निहुँले अहिले एकले अर्कोको ज्यान लिइरहेका छन् । त्यसैले सचेत बनौं ।

बाटो हिँड्नेलाई बाल्टिनको बाल्टिन खन्याउने विकृति रोक्नुपर्छ । कसैलाई पिउने पानी दिन हामीलाई लोभ लाग्छ । तर, कसैलाई दुःख दिनचाहिँ हामीलाई मज्जा आउँछ । हामी नेपालीले के सिक्दै छौं ? कोही घरमा माग्न आए भने हामी लखेट्छौं ।

घरभित्रबाट बाहिर निस्कदैनौं । यद्यपि, चाडपर्वको नाममा हामी फाल्तु खर्च गर्छौं । मदिरा सेवन गर्ने पैसाले कुनै बालबालिकालाई कापी किताब किनिदियो भने उनीहरूले पढ्न त पाउँछन् । चाडपर्वमा फाल्टो खर्च गर्न होइन्, दुःखी गरिबलाई सहयोग गर्नुपर्छ भनी बुवाआमाले आफ्नो बालबालिकालाई सिकाउनुपर्छ ।

थोपाथोपा मिलेर नदी बन्छ । सहयोग पनि त्यस्तै हो । अलिअलि गरेर सबैले सहयोग गर्यौं भनेर कसैले उपचार पाउँछन् । कसैले खान पाउँछन् । नेपालीले 'आफू पनि बचौं र अरुलाई पनि बचाऔं' भन्ने कुरा बुझ्नुपर्छ । राज्यको ऐनकानुनलाई कसैले पनि चुनौती नदिऊँ । सुरक्षाकर्मीहरू पनि चनाखो बनौं । दुर्घटना भएपछि पुगेर के फाइदा ? घटना घट्नुअगाडि नै सचेत बनौं र बनाऔं ।

**–रामबीर खत्री**, कलंकी

### जानकारी

**अब यस दैनिकले हरेक दिन पत्र–मञ्जुषा स्तम्भ सुरू गरेकाले पाठक वर्गहरूले आफूले चाहेको विषय वस्तु, सरकारी निकायको काम कारबाही वा पत्रिकामा सम्प्रेषण भएको समाचारका बारेमा पत्र लेख्नु भएमा त्यसलाई जस्ताको त्यस्तै प्रकाशन हुने जानकारी गराइन्छ । सं.**

prabhabdailynews@gmail.com
facebook.com/prabhab online



**ज्येष्ठ नागरिकलाई घरमै स्वास्थ्य सेवा** | हुम्लाको ताँजकोट गाउँपालिकाले सञ्चालन गरेको घरदैलो स्वास्थ्य सेवा कार्यक्रमअन्तर्गत स्थानीयको घरमै पुगेर ज्येष्ठ नागरिकको निःशुल्क स्वास्थ्य सेवा प्रदान गर्दै स्वास्थ्यकर्मी । *तस्बिरः दाने बोहरा/रासस*

## मधेस प्रदेशमा मन्त्रिपरिषद् विस्तार

**धनुषा (प्रस)–** मधेस प्रदेशमा मन्त्रिपरिषद् विस्तार भएको छ। केन्द्रीय गठबन्धन फेरिएपछि नेपाली कांग्रेसबाट सहभागी मन्त्रीहरूले राजीनामा दिएसँगै उक्त स्थानमा गठबन्धन दलबाट मन्त्री नियुक्त गरिएको हो ।

प्रदेश सरकारका मुख्यमन्त्री सरोजकुमार यादवको सिफारिसमा शनिबार प्रदेश प्रमुख सुमित्रा सुवेदी भण्डारीले मन्त्रिपरिषद् विस्तार गरेकी छन् । नवनियुक्त मन्त्रीहरू राजकुमार लेखीले गृह, सञ्चार तथा कानुन मन्त्रालय, शत्रुधन सिंहले स्वास्थ्य तथा जनसंख्या मन्त्रालय र प्रमोदकुमार जयसवालले शिक्षा तथा संस्कृति मन्त्रालयका जिम्मेवारी पाएका छन् । साथै, केशव रायले स्वास्थ्य तथा जनसंख्या राज्यमन्त्रीको जिम्मेवारी प्राप्त गरेका छन् । नवनियुक्त मन्त्रीहरूले प्रदेश प्रमुख भण्डारीबाट शनिबार नै पद तथा गोपनीयताको शपथ लिएका छन् ।

पर्यटनमन्त्री तामाङको निर्देशन–

# लुम्बिनी गुरुयोजनाका बाँकी काम पूरा गर्नू



■ **प्रभाव संवाददाता**

**लुम्बिनी–** संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री हितबहादुर तामाङले लुम्बिनी गुरुयोजनाका बाँकी काम पूरा गर्न निर्देशन दिएका छन् । कोषका पछिल्ला गतिविधि र अवस्थाबारे शनिबार यहाँ जानकारी लिँदै उनले उक्त निर्देशन दिएका हुन् । उनले बुद्धजन्मस्थल लुम्बिनी गुरुयोजनाका बाँकी काम पूरा गर्ने गरी बजेट सुनिश्चितताका लागि आफूले पहल गर्ने प्रतिबद्धता जनाए ।

मन्त्री तामाङले गुरुयोजनाविपरीत संरचना बनेको, युनेस्कोको असहमति रहेकाजस्ता विषय आइरहेकाले यसबारे आफ्नो ध्यानाकर्षण भएको बताए । उनले लुम्बिनी विश्वका एक अर्ब बौद्ध समुदायको आस्थाको केन्द्र भएकाले पर्यटनमैत्री व्यवहारमा ध्यान दिन पनि निर्देशन दिए ।

लुम्बिनी विकास कोषका उपाध्यक्ष डा. ल्हारक्याल लामाले लुम्बिनी गुरुयोजनाका बाँकी काम पूरा गर्न पर्याप्त बजेटको आवश्यकता रहेको उल्लेख गर्दै त्यसका लागि पहल गरिदिन मन्त्री तामाङसँग आग्रह गरे । छलफलमा सदस्यसचिव सानुराजा शाक्यले कोषका हालसम्मका गतिविधि, यसको कार्यक्षेत्रलगायत विषयमा जानकारी गराए ।

**अनलाइन टिकट प्रणाली आरम्भ**

यसैबीच लुम्बिनी विकास कोषले बुद्धजन्मस्थल लुम्बिनीको भ्रमणमा आउने पर्यटकका लागि शनिबारदेखि अनलाइन टिकट प्रणालीको शुभारम्भ गरेको छ । कोषका अध्यक्ष एवं संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री तामाङले शनिबार उक्त प्रणालीको शुभारम्भ गरे ।

त्यस अवसरमा मन्त्री तामाङले सूचना प्रविधिको विकासमा अनलाइनमार्फत टिकट काट्ने कार्यले पर्यटकलाई सहजता थप्ने विश्वास व्यक्त गरे। यस कार्यले कुनै पनि प्रकारको अनियमितता रोक्दै संस्थालाई पारदर्शी र पर्यटकलाई सहयोग गर्ने उनको भनाइ छ।

कोषका उपाध्यक्ष लामाले अनलाइनमार्फत टिकट काट्ने कार्यले लुम्बिनीमा आउने पर्यटकको संख्यासमेत वृद्धि गर्ने विश्वास व्यक्त गरे । उनले लामो लाइन लागेर टिकट लिनुपर्ने बाध्यता अन्त्य गरी पर्यटकलाई सजिलो बनाउने काम गरिएको बताए ।

# रैथाने बाली जोगाउँदै मकवानपुरका स्थानीय तह

**मनहरी (मकवानपुर)–** किसानलाई रैथाने बाली खेतीतर्फ आकर्षित गर्नका लागि मकवानपुरगढी र भीमफेदी गाउँपालिकाले किसानलाई प्रोत्साहन गर्न थालेका छन् । रैथाने बाली बिक्री गर्दा पालिकाले थप रकमसमेत दिने गरेको मकवानपुरगढीका अध्यक्ष दोर्जे लामा स्यांतानले बताए । किसानलाई नयाँ प्रविधिसँग जोड्न र पुराना खेतीलाई पनि संरक्षण गर्ने गरी कार्यक्रम सञ्चालन गर्दै आएको उनले बताए ।

स्वादिष्ट र स्वास्थ्यका लागि फाइदाजनक पुरानो बाली संरक्षण तथा बजारीकरणका लागि बजेट विनियोजन गरेर किसानलाई प्रोत्साहित गर्दै आएको भीमफेदीका अध्यक्ष हिदम लामाले बताए । पालिकाले यस्तो अभियान सुरु गरेपछि रैथाने बालीतर्फ उनीहरू आकर्षित भएको उनको भनाइ छ ।

मकवानपुरका ग्रामीण क्षेत्रबाट बजार झर्ने बढेपछि रैथाने बाली संरक्षण गर्न नसकिएको जनाउँदै उनले यसको संरक्षणका लागि प्रोत्साहन रकम गाउँपालिकाले सहयोग गर्दै आएपछि उनीहरू यो बालीतर्फ आर्कषित भएका बताए । रैथाने बाली जोगाउनका लागि आफूहरूले बजेट विनियोजन गर्न लागिपरेको उनको भनाइ छ ।

रैथाने बाली जोगाउनका लागि मकवानपुरगढी र भीमफेदी गाउँपालिका मात्र होइन मकवानपुरका अन्य गाउँपालिका पनि लागि परेका छन् । मकवानपुरको मनहरी गाउँपालिका र बकैया गाउँपालिकाले पनि रैथाने बालीमा जोड दिन थालेका छन् । आधुनिक प्रविधिको विकास र बसाइँसराइका कारण मकवानपुरमा रैथाने बाली संरक्षणमा चुनौती बढेकाले पनि स्थानीय सरकारको पहलमा रैथाने बाली जोगाउन स्थानीय सरकार लागिपरेको बकैयाका अध्यक्ष धर्मराज लामिछानेले बताए ।

एक दशक अगाडिसम्म मकवानपुरका ग्रामीण क्षेत्रमा खेती हुने कोदो, सिमी, फापर, जौंलगायतका खाद्यबालीको खेती पछिल्लो समय निकै कम हुने गरेको छ। खेती कम हुन थालेसँगै उत्पादन पनि घटेको छ । यसैले गर्दा पालिकास्तरबाट आफूहरूले यसलाई जोगाउन बजेट विनियोजन गरेको उनले बताए ।

रैथाने बालीले बजार र उत्पादनअनुसारको मूल्य नपाउँदा किसान मर्कामा पर्दै आएका थिए । उन्नत जातका खाद्यबाली फस्टाउन थालेपछि किसानले पनि रैथाने बालीको खेती गर्न छाड्दै गएका हुन् । परम्परागत बाली गाउँका पाखो बारीमा उत्पादन हुने गर्थे । पछिल्लो समय ती बाली उत्पादन हुने बारी वनमाराले ढपक्क ढाकिएका छन् । खेती भइरहेका बारीमा पनि फलफूलगायत अन्य नगदेबाली लगाइएको छ । *रासस*

# बेनी–जोमसोम खण्डका पहिरो नियन्त्रणमा बजेट अभाव

**म्याग्दी–** राष्ट्रिय गौरवको आयोजना कालीगण्डकी कोरिडोरअन्तर्गत बेनी-जोमसोम-कोरला सडकको म्याग्दी खण्डमा पहिरो नियन्त्रणका लागि बजेट अभाव भएको छ ।

पहिरो नियन्त्रणका लागि दीर्घकालीन रूपमा काम गर्न नसक्दा बर्खामा नियमित यातायात सञ्चालन गर्न समस्या हुनाका साथै निर्माण भएका संरचनामा क्षति पुग्ने देखिएको हो । बेनी-जोमसोम-कोरला सडक आयोजनाका प्रमुख ध्रुव झाले म्याग्दीको राहुघाटबाट मुस्ताङको घाँसा खण्डमा १४ वटा पहिराले करिब पाँच किलोमिटर सडक जोखिममा रहेको जानकारी दिए ।

'बेनी-घाँसा खण्डको करिब ४० किलोमिटर सडकमा १४ वटा ठूलो पहिरो पहिचान भएका छन्,' उनले भने, 'सडक निर्माण गर्दा पहिरो जाने सम्भावित क्षेत्रको अध्ययन नभएको र त्यहीअनुरूप विस्तृत आयोजना प्रतिवेदन (डिपिआर) निर्माण नगरिएकाले नियन्त्रणका लागि बजेट थप गरेका छौं ।'

उक्त खण्डमा तत्काल पहिरो रोकथामका लागि ८० लाख रूपैयाँ बजेट आवश्यक भएको भन्दै आयोजनाका प्रमुख झाले बजेट माग गरेर भौतिक पूर्वाधार विकास तथा यातायात व्यवस्था मन्त्रालयमार्फत अर्थ मन्त्रालयमा प्रस्ताव पठाइएको बताए । हालसम्म बजेट विनियोजन नभएकाले निर्णयमा ढिलाइ भएको उनले गुनासो गरे ।

बैंसरी खण्डका साथै अन्नपूर्ण गाउँपालिका-३ मा पर्ने रूपसे झरनाबाट काभ्रेभिर क्षेत्रमा करिब ५०० मिटर क्षेत्रमा माथिबाट पहिरो झर्ने र तलबाट सडक भासिने समस्या रहेको आयोजना कार्यालयले जनाएको छ ।

सोही वडाको खामभित्ता, गुइँठेभिर, लाटाखोलामा पनि बर्सेनि निरन्तर माथिबाट पहिरो झर्ने गरेको आयोजना प्रमुख झाले बताए । अन्नपूर्ण-२ मा पर्ने नागढुंगा, भुरुङभिर, वडा नं ६ मा पर्ने टिम्मुरेभिर क्षेत्रको साँघुरो भूगोल, कालीगण्डकी नदीलगायत स्थानमा बारम्बार खस्ने पहिरोले सडक जोखिमपूर्ण बनाएको उनको भनाइ छ ।

रघुगंगा गाउँपालिका-१ बेगखोला, वडा नं २ मासखर्क, कुनौटो, रिठाबोट, वडा नं ३ मा पर्ने चमेरे र गलेश्वर पारी पहिरोको जोखिम छ । भूगर्भविद्ले गरेको अध्ययनअनुसार कमजोर भूगोल रहेका गलेश्वर, खामभित्तामा तल निर्मित सडकले बलियो संरक्षणका संरचना नबनाएको र माथिल्लो खण्डमा पनि संरक्षणविना डोजर चलाएर सडक खनिएकाले पहिरो गएको देखाएको छ ।

सडक निर्माण सुरु गर्नुअघि सम्भावित पहिरो जाने स्थानको पहिचान र रोकथामका लागि कुनै अध्ययन नगरी निर्माण गरिँदा अहिले पहिरोले जोखिम निम्त्याएको छ । पहिरोले बर्षात्को समयमा यातायात प्रभावित हुने गरेका छन् भने यात्रुले सास्ती भोग्दै आएका छन् । बेनी-जोमसोम-कोरोला सडकको सर्भे, डिजाइन गर्दादेखि ठेक्का भई सडक निर्माण भइरहँदा कतै पनि पहिरोको अवस्था अध्ययन गरिएको थिएन । कोरिडोरको म्याग्दी खण्डको सडकको अधिकांश भागमा पहिरोको जोखिम छ । बेनीदेखि घाँससम्म बर्सेनि पहिराले दुःख दिने गरेको छभने सवारी दुर्घटना पनि निम्त्याएको छ ।

उक्त खण्डमा पहिरोको दीर्घकालीन समाधानका लागि अल्पकालीन र दीर्घकालीन योजना सञ्चालन गर्न सुझाव दिइएको आयोजना प्रमुख झाले बताए । तत्कालीन समस्या समाधानका लागि कटानको जोखिममा रहेका ठाउँमा कालीगण्डकीलाई 'डाइभर्सन' र माथिबाट खस्ने पहिरो रोकथामका लागि भूमिगत पानी व्यवस्थापन गर्न बजेट अभाव भएको उनले बताए । *रासस*


## Free Visa!! Free Ticket!! Free Recruitment !!
## मलेसियामा निःशुल्क वैदेशिक रोजगारको अवसर

कम्पनी : PALMARA SECURITY SDN BHD

पूर्व स्वीकृति मिति : २०८०/१२/०९ | LT. No. 302236 | चलानी नं. ६०२१७११२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब RM | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Security Guard | 110 | 0 | 1500 | ४२,१७८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मिति २०८० चैत १८ देखि वैशाख १ गतेसम्म (31th March/13th April (2024) सम्म हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था**: रु. १,५००/- कामदार आफैंले **सेवा शुल्कः** निःशुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

HAPPY NEPAL EMPLOYMENT PVT. LTD
श्रम ईजाजत नं. ८८३/०६७/०६८
Maharajgunj-3, 2 No. Gate President House Kathmandu, Nepal, Tel: +977-1-4535733/4538533
Mob: 9810124818, 9847364227, Kalyan Thapa: 9840510091, 9851194513
Email: happynepalemployment@gmail.com, Web: www.happynepalemployment.com.np
Branch Office: Dharan 2, Shanti path, Nepal, Tel: 025-572026, 9842170962, 9815390822

## युएईमा वैदेशिक रोजगारको अवसर

कम्पनी : ARKAN ADVANCED TECHNICAL GROUP

पूर्व स्वीकृति मिति २०८०/१२/१० | LT. No. 302180 | चलानी नं. ६०२१७१०४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | cleaner | 100 | 0 | 1000 | ३६,२७४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० चैत्र १८ गते (31th Mar. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | कामदार आफैंले |

**कल्याणकारी कोषसम्बन्धि व्यतवस्थाः** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्कः** १०,०००

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

TESLA OVERSEAS PVT.LTD.
Govt. License 1638/080/81
Sinamangal 9, Kathamandu, Nepal, Tel: 01-5920966, 5920967, Mob: 9802353778, 9802353777
Email: info.teslaoverseas@gmail.com, Web: www.teslaoverseas.com.np

## युएईमा वैदेशिक रोजगारको अवसर

कम्पनी : INNOVATION DIRECT EMPLOYMENT SERVICES

पूर्व स्वीकृति मितिः २०८०/१२/१० | LT. No. 302390 | चलानी नं. ६०२१७११०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Female Cleaner | 0 | 50 | 1000 | ३६,२७४ | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | Male Cleaner | 50 | 0 | 900 | ३२,६४६ | | | | | | | |

कम्पनी : CONNECT RESOURCES.

पूर्व स्वीकृति मितिः २०८०/१२/१० | LT. No. 302391 | चलानी नं. ६०२१७१११

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Manicurist | 0 | 50 | 2300 | ८३,४३० | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | Sales Officer | 50 | 0 | 1000 | ३६,२७४ | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० चैत्र १८ गते (31th Mar. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्कः** निःशुल्क/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Yovant Recruitment Services PVT. LTD.)
श्रम ईजाजत नं. १६५२/०८०/०८१
Samakhushi-26, Kathamndu, Nepal Phone No.01-4973973
Mob : 9815015291, 9849842264, 9851019844, yovant1652@gmail.com

## युएइमा वैदेशिक रोजगारको अवसर

कम्पनी : SMART CLEAN CAR WASHING & CLEANING

पूर्व स्वीकृति मिति २०८०/१२/१० | LT. No. 302388 | चलानी नं. ६०२१६५२९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner | 50 | 0 | 800 | २९०१९ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० चैत १९ गते (31th Mar. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्कः** निःशुल्क/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Sandiya Human Resources Pvt. Ltd.
श्रम ईजाजत नं. १०९७/०७३/०७४
Dhumbarai-4, Kathmandu, Nepal, Phone No. +977-1-5199505, 9801181641, 9851155563, 9801181681
E-mail: sandiyahr17@gmail.com, Website : www.sandiyahr.com

## भावपूर्ण श्रद्धाञ्जली



जन्म मितिः २०१३ वैशाख १७ गते | स्वर्गारोहण मितिः २०८० फागुन २० गते

**स्व. पासाङ नूरु शेर्पा (टाक्तोक)**

शेर्पा सेवा केन्द्रका आजीवन सदस्य **स्व. पासाङ नूरु शेर्पा**को ६८ वर्षको उमेरमा असामयिक निधन भएकोले आज ४९ औं दिनको पून्यतिथिमा दिवङ्गत आत्माको चीरशान्तिको लागि कामना गर्दै **भावपूर्ण श्रद्धाञ्जली अर्पण** गर्दछौं । यस दुःखद् घडीमा शोकसन्तप्त परिवारजनमा **हार्दिक समवेदना** प्रकट गर्दछौं ।

**गेल्जे लामा**
**अध्यक्ष**
*तथा*
**शेर्पा सेवा केन्द्र परिवार**
**बौद्ध, टुसाल, काठमाडौं**

प्रभाव दैनिक




**आलोकश्रीले ल्याए 'मेरो मुस्कान'**

संगीतकार आलोकश्रीले नयाँ गीत 'मेरो मुस्कान' ल्याएका छन् । सञ्जु अधिकारीको शब्द रहेको गीतमा डेभिड शंकर र अस्मिता अधिकारीले स्वर दिएका छन् । प्रेम जोडीले एकअर्काको प्रशंसा गरेको शब्दहरू समेटिएको गीत निकै कर्णप्रिय छ । गीत लिरिकल भिडियो निर्माण गरेर बाहिर ल्याइएको हो । गीत आफ्ना अघिल्ला गीतहरू जस्तै सबैको मनमा बस्न सफल हुने विश्वास संगीतकार आलोकश्रीको रहेको छ ।



आइतबार ११, चैत २०८० (Sunday, March 24, 2024)

# चलचित्रकर्मीको आवाज सुनाउन राजनीतिमा लागेँ : अभिनेता थापा

■ भेषराज कार्की



**काठमाडौं–** तीर्थबहादुर थापा अभिनेतासँगै निर्देशक र निर्माताका रूपमा परिचित छन् । उनले 'मायाको बन्धन', 'सडक', 'आन्दोलन' 'अञ्जुली' लगायतका चलचित्र निर्देशन गरेका थिए । तर थापा विगत १८ वर्षदेखि भने यस कर्मबाट टाढा छन् ।

विसं २०६२/६३ को जनआन्दोलनमा चलचित्रकर्मीका तर्फबाट महत्वपूर्ण भूमिका निर्वाह गरेका थापाले त्यसपछि नेपाल सांस्कृतिक सङ्घको स्थापना गरे । पछिल्लो समय उनी कलाकारिता छाडेर राजनीतिमा सक्रिय छन् । तर, थापालाई कलाकारितामा फर्किन मन नभएको भने होइन ।

'मैले फाट्टफुट्ट रूपमा अभिनय गरेँ । मैले निर्देशन गरेका चलचित्रले राम्रो प्रतिक्रिया पाए पनि व्यावसायिकरूपमा भने असफल भए । त्यो यात्रामा चलचित्रकर्मीलाई उपेक्षा भइरहेको देखेर संगठित भएर आवाज उठाउनु पर्छ भन्ने लाग्यो । त्यही भएर सांस्कृतिक सङ्घको स्थापना गरेर त्यसको नेतृत्व गरेँ', अभिनेता थापाले भने । बाल्यकालदेखि नै राजनीतिमा जोडिएका अभिनेता थापाले जनआन्दोलनमा चलचित्र क्षेत्रको प्रतिनिधित्व गरे । नेपाल सांस्कृतिक सङ्घको स्थापना २०६२ सालमा गरिएको हो । तर यसको गतिविधिको सुरुआत भने २०५४ सालदेखि नै भएको थियो । सोही समयदेखि अभिनेता थापाले लोकतान्त्रिक चलचित्रकर्मीलाई संगठित गर्दै आएका हुन् । यद्यपि सुरुआती समयमा उनलाई कसैको साथ प्राप्त भएन ।

'म आन्दोलनमा एक्लै पुग्थे । स्कुले जीवनदेखि नै अधिकारका लागि आवाज उठाउने भएकाले नेता र राज्यलाई आफ्नो आवाज बलियोरूपमा सुनाउनु पर्छ भनेर यस क्षेत्रको उपस्थिति देखाउँथे । तर, मलाई राजनीति गर्‍यो भन्ने आरोप पनि लाग्ने गर्थ्यो । विस्तारै ती अधिकारका आवाज हुन् भन्ने बुझेर चलचित्रकर्मी जोडिनुभयो । म बाल्यकालदेखि नै नेपाल विद्यार्थी सङ्घसँग जोडिएकाले पनि लोकतान्त्रिक पार्टीले हाम्रो आवाज सुन्छ भन्ने लागेको हो', अभिनेता थापाले भने । अहिलेसम्म थापाले राजनीतिज्ञका रूपमा अवसर पाउनुभएको छैन । चुनाव र प्रचारप्रसारमा मात्र आफूलगायतका कलाकार, संस्कृतिकर्मीको प्रयोग हुने गरेको उनले बुझेका छन् । आफ्नो क्षेत्रको प्रतिनिधित्व पार्टीमा नभएको उहाँले आभास गर्न थालेका छन् ।

'पार्टीमा विद्यार्थी, तरुण, किसानलगायत नेतृत्वमा पुगेकाहरू छन् । उनीहरूको प्राथमिकतामा आफ्नै संगठनका व्यक्ति पर्छन् । हाम्रो उपस्थिति नभएर पनि हाम्रो आवाज बलियोसँग सुनिएको छैन', अभिनेता थापाले भने, 'म कांग्रेस महासमिति सदस्य भएँ । मैले केन्द्रीय सदस्यका रूपमा चुनाव लड्ने सोच पनि बनाए । तर, कुनै समूहबाट पनि संस्कृतिकर्मीका लागि सोचिएन । हामी चाहिँदा देखाउने र त्यसपछि थन्क्याइने गहना भयौं ।'

विश्वभर चलचित्रको माध्यमबाट पुराना घटनाक्रम वा राष्ट्रवादी व्यक्तिको योगदानलाई नयाँपुस्तासम्म ल्याउने गरिएको छ । विशेषतः भारतमा पछिल्लो समय यस्ता चलचित्र बन्ने गरेका छन् । यद्यपि नेपालमा भने यो क्रम न्यून छ । बनेका चलचित्रले पनि दर्शकको साथ पाएका छैनन् । ऐतिहासिक विषयवस्तुलाई पर्दामा ल्याउँदा उचित अनुसन्धान र गृहकार्य नभई लगानीकर्ताका भरमा ल्याइएको बुझाइ अभिनेता थापाको छ ।

'वीर गणेशमान'र 'तीन घुम्ती'जस्ता चलचित्रसँग उनी सन्तुष्ट छैनन् । ती चलचित्र निर्माण गर्न पर्याप्त मेहनत नपुगेको उनले बताए । 'हामीले राष्ट्र निर्माणमा योगदान दिनुभएका व्यक्तिको कथालाई निकै सरल किसिमले ल्याइरहेका छौं । नयाँपुस्तालाई दर्शक बनाउने गरी मेहनत गरेको देखिएको छैन । ती चलचित्रहरू निर्माणका लागि मात्र बनेका छन्', अभिनेता थापाले भने ।

अभिनेता थापालाई त्यस्ता चलचित्र निर्माण गर्ने सोच नआएको पनि होइन । तर त्यसमा व्यक्तिगतभन्दा पनि राज्यको लगानी हुनुपर्नेमा उनको जोड छ । 'निजीस्तरबाट त्यस्ता चलचित्र निर्माण हुँदा व्यावसायिक जोखिम हुन्छ । त्यसैले त्यसलाई निर्माण गर्न राज्यले सघाउनुपर्छ । निर्देशकले व्यावसायिक दायित्व बहन नगरी काम गर्ने हो भने हाम्रा पुराना कथालाई ल्याउन सकिन्छ', उनले भने ।

अभिनेता थापा पछिल्लो समय राजनीतिसँगै चलचित्रकर्ममा सक्रियता बढाउने सोचमा छन् । उनले केही विषयलाई छनोट गरेर काम पनि सुरु गर्नुभएको छ । तर, बढ्दो लागत र अपुग तयारीले गृहकार्यमै रहेको उनले बताए । 'मैले चलचित्र छाडेको दुई दशक हुन लाग्यो । प्राविधिकसँगै दर्शकको सोचमा पनि परिवर्तन आएको छ । बजारलाई अनुसन्धान गरेर मात्र म यस कर्ममा फर्किन्छु । तर, अब चलचित्र निर्माण गर्ने र अभिनय गर्ने इच्छा छ । त्यसतर्फ पनि लाग्छु', अभिनेता थापाले भने । उनले सांस्कृतिक सङ्घलाई महासङ्घ बनाएका छन् । विधागतरूपमा सहभागिता बढेपछि बनेको महासङ्घमा नेतृत्व गर्ने कि अरुलाई जिम्मा लगाउने भन्ने प्रश्न उनीसामु आइरहन्छ । आफूले १८ वर्षदेखि दिँदैआएको संघको नेतृत्व अब अरुलाई सुम्पिने सोचमा अभिनेता थापा छन् । तर उनले सम्मानजनक अस्तित्वको खोजि गरिरहेका छन् ।

'मैले यतिलामो समय दिँदा सङ्घकै साथीहरूलाई पनि मेरो सम्मानजनकरूपमा पार्टीमा स्थान होस् भन्ने लागेको छ । म पनि त्यही खोजिरहेको छु । आफैँले नेतृत्व गर्ने कि अरुलाई दिने । यसमा साथीहरूसँग छलफल गरिरहेको छु', अभिनेता थापाले भने । *रासस*

# बानियाँ र राई पुरस्कृत



■ प्रभाव संवाददाता

**खोटाङ–** टेम्के-तुवाचुङ प्रतिष्ठान खोटाङले कवि वम बानियाँ र चित्रकार सन्तोष राईलाई 'टेम्के-तुवाचुङ पुरस्कार' प्रदान गरेको छ । कवि बानियाँ दिक्तेल रूपाकोट मझुवागढी नगरपालिका-१४ का बासिन्दा छन् ।

साहित्यको माध्यमबाट जिल्लालाई पुऱ्याएको योगदानको कदर गर्दै कवि बानियाँलाई तथा खोटाङको कला र संस्कृतिको क्षेत्रमा योगदान पुऱ्याएकमा चित्रकार राईलाई पुरस्कृत गरिएको प्रतिष्ठानका अध्यक्ष भोगेन एक्लेले जानकारी दिए । प्रतिष्ठानले छैटौं वार्षिकोत्सवको अवसरमा दिक्तेलस्थित मुडेमा दुवैजनालाई जनही रु ११ हजार एक सय ११ राशिको पुरस्कार प्रदान गरेको हो ।

कवि बानियाँका 'जागै छन् शब्दहरू' र 'मान्छे जोत्ने शहर' कविता संग्रह प्रकाशित छन् । उनी राष्ट्रिय बालअधिकार परिषद् नेपालका उपाध्यक्षसमेत हुन् । यस्तै चित्रकार राई निसर्ग बाटिका र पाठशाला नेपाल फाउण्डेशनमा कला प्रशिक्षकका रूपमा कार्यरत छन् । दुवैजनालाई जिल्ला समन्वय समितिका प्रमुख सनबहादुर राईले ताम्रपत्र र नगद पुरस्कार हस्तान्तरण गरे । प्रतिष्ठानले जिल्लाको भाषा, कला, साहित्य, खेलकुदलगायत क्षेत्रमा विशेष योगदान पुऱ्याउने प्रतिभालाई हरेक वर्ष 'टेम्के तुवाचुङ पुरस्कार' प्रदान गर्दै आएको अध्यक्ष एक्लेले बताए ।

# अनुको 'वाचा' सार्वजनिक

**काठमाडौं (प्रस)–** पछिल्लो समय चर्चामा रहेकी गायिका अनु चौधरीको नयाँ गीत सार्वजनिक भएको छ । 'वाचा' बोलको उक्त गीतमा अनुसँगै गायक अजित घिसिङ तामाङको स्वर रहेको छ ।

अजितकै शब्द र संगीत रहेको यो गीतको भिडियोमा मोडल विजय कार्की र अनिमा विश्वकर्मा फिचर्ड छन् । रोमान्टिक शैलीमा गाइएको यो प्रेम गीतमा विजय र अनिमाको 'लभ क्यामेस्ट्री' देख्न सकिन्छ । विशाल थापाको छायांकन, नहकुल खड्काको सम्पादन रहेको यो गीतको भिडियोलाई सुनिल बुढाथोकीले निर्देशन गरेका छन् ।






आठौं एनभिए भलिबल

# टिपटप र एभरेस्टलाई उपाधि




■ प्रभाव संवाददाता

**काठमाडौं–** टिपटप हेल्प नेपालले आठौं एनभिए महिला तथा पुरुष भलिबल च्याम्पियनसिपअन्तर्गत पुरुषतर्फको उपाधि जितेको छ । त्रिपुरेश्वरस्थित राष्ट्रिय खेलकुद परिषद् (राखेप)को कबर्डमा शनिबार सम्पन्न फाइनल खेलमा आर्मीलाई पाँचौं सेटमा २२-२० ले पराजित गर्दै हेल्प नेपाल च्याम्पियन बनेको हो ।

आर्मीले पहिलो सेट २५-२० ले जितेको थियो। निकै प्रतिस्पर्धात्मक बनेको दोस्रो सेट आर्मीले २५-२७ ले गुमायो। कुनै समय ६ अंकको अग्रता बनाएको आर्मीले हेल्प नेपालसँग अन्तिममा अंक गुमायो । दोस्रो सेट २२-२२, २३-२३, २४-२४, २५-२५ ले बढेको थियो। तर, अन्तिममा हेल्प नेपालले लगातार २ अंक जोड्दै दोस्रो सेट २५-२७ ले जित्यो ।

निकै रोमाञ्चक बनेको तेस्रो सेटमा पुनः आर्मीले २३-२५ ले जित्यो। कुनै समय ४ अंकले पछि परेको अवस्थालाई उल्ट्याउँदै आर्मीले २-१ को अग्रता बनायो । चौथो सेटमा लगातार ८ अंक जोडेपछि मात्रै खाता खोलेको आर्मीले लगातार ३ अंक जोड्दै ८-३ को अवस्थामा आएको थियो ।

त्यसपछि लगातार अग्रता बनाएको हेल्प नेपालले २२-२२ को अवस्थाबाट पुनः २४-२२ को अग्रता बनायो । २ अंकले पछि परेको आर्मीले पुनः २४-२४ को अवस्थामा ल्याउन सफल भयो । २५-२४ ले अघि बढेको हेल्प नेपालले खेलमा २६-२६ ले बराबरीमा रोकिएपछि खेल २७-२७ मा पुग्यो। त्यसपछि लगातार २ अंक जोडेपछि हेल्प नेपालले उक्त सेट २९-२७ ले जित्यो ।

जितसँगै खेल २-२ को बराबरी गरेपछि खेल पाँचौं सेटमा धकेलियो । निकै रोमाञ्चक बनेको पाँचौं तथा अन्तिम सेटमा आर्मीमाथि हेल्प नेपालले २२-२० ले जित निकाल्दै दोस्रो पटक च्याम्पियन बनेको हो ।

**महिलातर्फ एभरेस्टलाई उपाधि**

विभागीय टोली नेपाल पुलिस क्लबलाई हराउँदै एभरेस्ट भलिबल क्लबले आठौं आरबीबी एनभिए महिला तथा पुरुष भलिबल च्याम्पियनसिपअन्तर्गत महिलातर्फ उपाधि जितेको छ ।

शनिबार त्रिपुरेश्वरस्थित राष्ट्रिय खेलकुद परिषद् (राखेप)को कबर्डमा शनिबार सम्पन्न फाइनल खेलमा एभरेस्टले पुलिसलाई ३-१ को सेटमा पराजित गर्दै उपाधि जितेको हो । योसँगै एभरेस्टले पहिलोपटक उपाधि जितेको छ । पराजित पुलिस भने उपविजेतामा सिमित बनेको छ ।

पहिलो सेट २५-१९ ले गुमाएको एभरेस्टले त्यसपछि सानदार पुनरागम गऱ्यो । दोस्रो सेटमा२२-२५ ले आफ्नो पक्षमा पारेको एभरेस्टले तेस्रो सेटमा १८-२५ ले जित्यो । चौथो तथा अन्तिम सेट एभरेस्टले १९-२५ ले जित्यो । विजेता टिमहरूले ५/५ लाख पुरस्कार हात पारे ।

# हाफ म्याराथनमा सन्तोषी र दीपक च्याम्पियन

■ प्रभाव संवाददाता



**काठमाडौं–** बागमती प्रदेशकी सन्तोषी श्रेष्ठ र त्रिभूवन आर्मी क्लवका दीपक अधिकारीले शनिबार राइट टु प्रोटिन हाफ म्याराथनको उपाधि जितेका छन् । त्रिपुरेश्वरस्थित दशरथ रंगशालामा सम्पन्न तेस्रो संस्करणको हाफ म्याराथनमा पुरुषतर्फ दीपक र महिलामा वागमतीकी सन्तोषी च्याम्पियन भएका हुन् ।

दीपक लगातार दोस्रो वर्ष च्याम्पियन भए । सन्तोषी भने पहिलो संस्करणकी च्याम्पियन हुन् । दशरथ रंगशालाबाट शुरु भएको हाफ म्याराथन भक्तपुरको राधेराधे पुगेर सोही रुटबाट फर्किएको हो । दीपकले यो निर्धारित दुरी पूरा गर्न एक घण्टा सात मिनेट ३३ सेकेण्ड समय लगाए । एपिएफका गोपीचन्द्र पार्की ९ सेकेण्डले मात्र पछि रहँदा दोस्रो स्थानमा खुम्चिए । पार्कीले एकघण्टा सात मिनेट ४२ सेकेण्ड समय लगाएका थिए ।

पर्वतका तीर्थ पुन तेस्रो स्थानमा रहे । उनले एक घण्टा सात मिनेट ४३ सेकेन्डमा दुरी पूरा गरे । आर्मीका नरेन्द्र रावलले चौथो भए । नरेन्द्रले एक घण्टा आठ मिनेट ५१ सकेण्ड समय लगाए । खडकबहादुर खड्का एकघण्टा आठ मिनेट ५६ सकेण्डमा दूरी पूरा गर्दै पाँचौं स्थानमा रहे ।

महिलामा च्याम्पियन सन्तोषीले एक घण्टा २० मिनेट १९ सेकेण्ड समय लगाइन् । नेपाल पुलिसकी राममाया बुढा दोस्रो र एपिएफकी पुष्पा भण्डारी तेस्रो भइन् । राममायाले एक घण्टा २१ मिनेट ५६ सेकेन्ड र पुष्पाले एक घण्टा २३ मिनेट दुई सेकेण्ड समय लगाए । आर्मीकी पूर्णलक्ष्मी न्यौपानेले चौथो र एपिएफकी फूलमति राना तेस्रो भए ।

पूर्णलक्ष्मीले एक घण्टा २३ मिनेट २० सेकेन्ड र फूलमतीले एक घण्टा २५ मिनेट १७ सेकेण्ड समय लगाए । महिला र पुरुष दुवैमा हाफ म्याराथन विजेताले एक लाख, दोस्रोले ७५ हजार, तेस्रोले ५० हजार, चौथोले ४० र पाँचौं स्थान प्राप्त गर्नेले ३० हजार रूपैयाँ पाए । १० किलोमिटर पुरुषतर्फ खुलामा आर्मीले वर्चस्व जमायो । आर्मीकी खेलाडीले पहिलोदेखि पाँचौं स्थानसम्म प्राप्त गरे । आर्मीका मुकेश पाल, सञ्जय श्रेष्ठ, गजेन्द्र राई, सुवास कार्की र श्रीकाश राईले शीर्ष पाँच स्थान प्राप्त गरे ।

पाँच किलोमिटर खुला महिलामा आर्मीकी सृजना पाण्डेय, राजपुरा पछाई, निर्मला केसी, आशा रावत र सुमित्राकुमारी चौधरी पाँचौं स्थानमा रहे । स्कुल पाँच किलोमिटरमा विश्वराम कुँवर, बादल कार्की र विकेश घिमिरेले शीर्ष तीन स्थान प्राप्त गरे ।

स्कुलतर्फ नै तीन किलोमिटर महिलामा कल्पना बुढा पहिलो, अस्मिता भुजेल दोस्रो र अमिशा राई तेस्रो भए । ह्विलचियर तीन किलोमिटर पुरुषमा रामकाजी मिजार, रमेश खत्री र प्रेम विक क्रमशः पहिलोदेखि तेस्रो भए ।

यसै विधाको महिलामा ऐश्वर्यकुमारी कुमाल, यामी झाक्री मगर, रजनी राई, पेमा गुरुङ र ववित थापा पाँचौं स्थानमा रहिन् । कृषि तथा पशुपंक्षी विकासमन्त्री ज्वालाकुमारी साहलगायतले पुरस्कार वितरण गरेका थिए । प्रतियोगिताको राष्ट्रिय खेलकुद परिषद् (राखेप) का सदस्यसचिव टंकलाल घिसिङले उद्घाटन गरेका थिए ।

# मस्कोमा आतंकवादी आक्रमण, १३३ जनाको मृत्यु



**मस्को–** मस्कोस्थित कन्सर्ट हल (क्रोकस सिटी हल) मा बन्दुकधारीले अन्धाधुन्ध गोली चलाउँदा १३३ जनाभन्दा बढीको मृत्यु हुनुका साथै १०० भन्दा बढी घाइते भएका अधिकारीहरूले शनिबार बताएका छन् । शुक्रबार मस्कोको क्रोकस सिटी हलमा भएको आतंकवादी हमलामा १३३ जनाभन्दा बढीको मृत्यु भएको रूसको अनुसन्धान समिति (आइसिआर) ले पुष्टि गरेको छ ।

आतंकवादी आक्रमणका कारण १३३ जनाभन्दा बढीको मृत्यु भएको प्रारम्भिक पुष्टि आइसिआरले गरेको हो । घाइतेहरूको अवस्था गम्भीर रहेकाले मृतकको संख्या थप बढ्न सक्ने आइसिआरले शनिबार बताएको छ । आन्तरिक मामिला मन्त्रालय र संघीय सुरक्षा सेवाको परिचालन एकाइहरूसँग आफ्ना अनुसन्धानकर्ताले मिलेर काम गरिरहेको आइसिआरले जनाएको छ ।

मृतकको शवको जाँच भइरहेको छ भने अपराध स्थलबाट हतियार र गोलाबारुदसहितका सामग्री प्रमाणस्वरूप जफत गरिएको छ । घटनास्थलमा रहेका आरआइए नोभोस्ती समाचार संस्थाका सम्वाददाताका अनुसार नकावधारी आक्रमणकारीले शुक्रबार एक्कासि भवनभित्र पसेर गोली चलाउनुका साथै भीडमा विस्फोटक पदार्थ फचाँकेका थिए ।

मस्कोको उत्तरी क्रास्नोगोर्स्क उपनगरमा रहेको क्रोकस सिटी हलमा आक्रमणपछि धुँवाको मुस्लो भरिएको र त्यसपछि आगोको ज्वाला फैलिएको थियो । आक्रमण हुँदा घटनास्थलमा पुगेका संगीतकर्मी एलेक्सीले भने, 'कन्सर्ट सुरु हुनुभन्दा केही समय पहिले एक्कासि गोली र भीडमा व्यापक कोलाहल सुनिएको थियो । होहल्लाको लगत्तै त्यहाँ स्वचालित हतियारबाट गोली चलाइएको थाहा भयो ।'

उनले भने, 'सम्भवतः यो रूसको इतिहासमा निकै विनासकारी आतंककारी आक्रमणमध्ये एक हो ।' मानिसहरू आपत्कालीन निकासतर्फ दौडिँदै गर्दा कन्सर्टमा जानेहरू एक अर्काको टाउकोमा चढेर बाहिर निस्किएको उनले बताए । रूसी समाचार संस्थाका अनुसार रूसको अनुसन्धान समितिले शनिबार ६० जनाभन्दा बढीको मृत्यु भएको जनाएको छ ।

रुसका स्वास्थ्यमन्त्री मिखाइल मुराश्कोले पाँच बालबालिकासहित ११५ जनालाई अस्पताल भर्ना गरिएको र तीमध्ये एकजनाको अवस्था गम्भीर रहेको जानकारी दिए । आक्रमणमा घाइते भएका ११० जना वयस्क व्यक्तिमध्ये ६० जनाको अवस्था गम्भीर छ । राष्ट्रपति भ्लादिमिर पुटिनका प्रवक्ता दिमित्री पेस्कोभले रूसी समाचार एजेन्सीहरूलाई बताएअनुसार अधिकारीहरूले 'आतंकवादी' अनुसन्धान सुरु गरिएको बताएका छन् । राष्ट्रपति भ्लादिमिर पुटिनले आक्रमणपछि 'निरन्तर' घटनाबारे जानकारी लिइरहेको बताइएको छ ।

रूसको नेसनल गार्डले घटनास्थलमा रहेको र आक्रमणकारीको खोजी भइरहेको जनाएको छ । एएफपीका एक संवाददाताले खोजी कुकुरसहित प्रहरी अधिकारीहरूले भवनको छेउमा पार्किङ गरिएका सवारी साधनहरूको निरीक्षण गरिरहेको देखेको बताए ।

### मस्कोलाई दिइएको थियो 'आतंकवादी हमला' हुनसक्ने सूचना

**मस्को–** मार्च महिनाको सुरूमा रूसस्थित अमेरिकी दूतावासले 'अतिवादी' समूहहरूले 'मस्कोमा हुने कन्सर्टसमेत ठूला जमघटहरूलाई लक्षित गर्ने' योजना बनाइरहेको भन्ने समाचारहरूको अनुगमन गरिरहेको बताएको थियो ।

इस्लामी समूहद्वारा रूसका मस्को र अन्य ठूला सहरहरू विगतमा पनि आक्रमणहरूको निशाना बन्ने गरेका छन् र त्यहाँ कुनै स्पष्ट राजनीतिक उद्देश्यविनाका घटनाहरू पनि भएका छन् । शुक्रबार एक विज्ञप्ति जारी गर्दै ह्वाइट हाउसले शुक्रबार भनेको छ, 'संयुक्त राज्य अमेरिकाले मार्चको सुरुमा रूसी अधिकारीहरूलाई मस्कोमा 'ठूला सभाहरू' लाई लक्षित गरी 'योजनाबद्ध आतंकवादी हमला' हुनसक्ने सूचना दिएको थियो ।'

राष्ट्रिय सुरक्षा परिषद्का प्रवक्ता एड्रिएन वाट्सनले वासिङ्टनले यो जानकारी रूसी अधिकारीसँग साझा गरेको बताएका छन् । सन् २००२ मा चेचेन पृथकतावादी लडाकुहरूले मस्कोको डुब्रोभ्का थिएटरमा आक्रमण गरी ९१२ जनालाई बन्धक बनाएका थिए । विशेष सुरक्षा बलले बन्धकलाई रिहा गर्ने क्रममा थिएटरमा आक्रमण गर्दा १३० जनाको मृत्यु भएको थियो भने र सबै आक्रमणकारी बन्दुकधारीहरूलाई आत्मसमर्पण गराउन सफल भएको थियो ।

इस्लामिक स्टेट समूहले आफ्ना लडाकुहरूले मस्कोको बाहिरी इलाकामा 'ठूलो जमघट' मा आक्रमण गरेको र सकुशल आफ्नो अखडामा फर्किएको दाबी गरेको छ । *रासस/सिन्हवा*

# भुटानमा मोदीलाई सर्वोच्च नागरिक सम्मान



**थिम्पू (भुटान)–** प्रधानमन्त्री नरेन्द्र मोदीलाई भुटानको सर्वोच्च नागरिक सम्मान 'अर्डर अफ द ड्रुक ग्याल्पो' बाट सम्मान गरिएको छ । सम्मानलाई भारतीय प्रधानमन्त्री मोदीले देशका एक अर्ब ४० करोड जनताको नाममा समर्पित गरेको बताएका छन् ।

उनले भुटानमा भारतीय सहयोगमा बनेको 'ग्याल्त्सुएन जेत्सुन पेमा वाङचुक मदर एण्ड चाइल्ड हस्पिटल'को उद्घाटन पनि गरेका छन् । उनले नयाँदिल्ली र थिम्पूबीचको सम्बन्ध निरन्तर बढ्दै जाने र यसले दुई देशका नागरिकलाई फाइदा पुग्ने विश्वास व्यक्त गरेका छन् ।

'म विनम्रताका साथ 'अर्डर अफ द ड्रुक ग्याल्पो' स्वीकार गर्छु । यो पुरस्कार प्रदान गर्नुभएकोमा म भुटानका राजाप्रति आभारी छु । म यसलाई भारतका १४० करोड जनताप्रति समर्पित गर्छु । मलाई यो पनि विश्वास छ कि भारत-भुटान सम्बन्ध निरन्तर बढ्दै जाने छ र हाम्रा नागरिकहरूलाई फाइदा पुग्ने छ,' प्रधानमन्त्री मोदीले एक्स (ट्विटरमा)मा पोस्ट गरेका छन् ।

सम्मान प्राप्त गर्ने प्रधानमन्त्री मोदी पहिलो विदेशी विशिष्ट व्यक्ति र समग्रमा यो पुरस्कार पाउने चौथो व्यक्ति बनेका छन् । स्थापित वरीयता र प्राथमिकता अनुसार, 'अर्डर अफ द ड्रुक ग्याल्पो'लाई आजीवन उपलब्धिको लागि सजावटको रूपमा स्थापित गरिएको हो भने यो भुटानी उच्च सम्मान हो ।

प्रधानमन्त्री मोदीलाई बिदाइ गर्न भुटानका राजा जिग्मे खेसर नामग्याल वाङचुक र भुटानका प्रधानमन्त्री दाशो छिरिङ तोब्गे विमानस्थलमा पुगेका थिए ।

प्रधानमन्त्री मोदी र उनका भुटानी समकक्षी छिरिङ तोब्गेले थिम्पूमा भारत सरकारको सहयोगमा निर्माण गरिएको 'ग्याल्टसुएन जेत्सुन पेमा वाङचुक मदर एण्ड चाइल्ड' नामक अत्याधुनिक अस्पतालको संयुक्तरूपमा उद्घाटन गरेका थिए । नवनिर्मित अस्पतालले भुटानमा आमा र बाल स्वास्थ्य सेवाको गुणस्तरमा वृद्धि गर्ने विदेश मन्त्रालयले एक विज्ञप्तिमार्फत जनाएको छ ।

भुटानमा १५० शयचाको अस्पताल निर्माणका लागि भारत सरकारले दुई चरणमा सहयोग गरेको उक्त अस्पताल कूल एक अर्ब १९ करोडको लागतमा निर्माण गरिएको हो । अस्पतालका नयाँ सुविधामा बालरोग, स्त्रीरोग र प्रसूति, एनेस्थेसियोलोजी, अपरेसन थिएटर, शिशुरोग सघन उपचार र बालरोग सघन उपचारका लागि अत्याधुनिक सुविधाहरू हुने छन् ।

भुटानी प्रधानमन्त्री तोब्गेले अत्याधुनिक अस्पताल निर्माणका लागि पूर्ण आर्थिक सहयोग गरेकोमा भारत सरकारप्रति कृतज्ञता व्यक्त गरेका छन् । भुटानका स्वास्थ्य मन्त्री टान्डिन वाङचुकले प्रधानमन्त्री मोदीद्वारा अस्पतालको उद्घाटनको प्रतीकात्मक महत्त्वलाई जोड दिँदै यसलाई दुई देशबीचको स्थायी मित्रताको प्रदर्शनको रूपमा वर्णन गरे । मन्त्री वाङचुकले अस्पतालका सबै सुविधाहरू भारत सरकारको सहयोग तथा साझेदारीमा निर्माण गरिएको बताउँदै दुई देशबीच बलियो द्विपक्षीय सम्बन्धको आधार बनाउने सहयोगी प्रयासहरू भइरहेको बताए ।

भुटानमा रहँदा प्रधानमन्त्री मोदीले भुटानी नरेश र प्रधानमन्त्रीलगायतका शीर्ष नेताहरूसँग भेटवार्ता गरेका थियो । उनीहरूबीच द्विपक्षीय कुटनीतिक, आपसी हित र चासोका विषयमा छलफल भएको बताइएको छ ।

प्रधानमन्त्री मोदी दुई दिने राजकीय भ्रमण सकेर शनिबार नयाँ दिल्ली फर्किएका छन् । *रासस/एएनआई*


## बहराइनमा वैदेशिक रोजगारको अवसर

कम्पनी : CHONG CHAN TING RESTAURANT WLL

पूर्व स्वीकृति मिति २०७९/03/31 पून: स्वीकृति मिति २०८०/१२/१० LT. No. 267389 चलानी नं. ६०२१४७७३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव BD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Worker | 15 | 10 | 120 | ४२,६३१ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० चैत्र १८ गते (31th Mar. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Indigo Overseas Pvt. Ltd.**

Samakhushi, Kathmandu, Nepal Tel : +977-1-4387787 / 6201955
Mobile No.9840806449, 9823025516 E-mail : indigo.pukar@gmail.com, indigo.recp@gmail.com, Website : www.ioplneoal.com

## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : Amal Siraj Zahran Al-Shahrani Trade Library

पूर्व स्वीकृति मिति २०८०/१२/०९ LT. No. 302313 चलानी नं. ६०२१७१०१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Shelving Worker | 1 | 0 | 1000 | ३५,५१९ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० फागुन १८ गते (31th Mar. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | कामदार आफैंले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: १०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. ११०८/०७३/०७४

**Emerald Isle Nepal Pvt. Ltd.** (GULMI OVERSEAS PVT LTD)

Purano Baneshwor-10, Kathmandu, Nepal. Tel- +977-4488542/4489323
Email:- emeraldislenepal@gmail.com, info@einepal.comSS

## कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : YUANDA QATAR ALUMINIUM INDUSTRY ENGINEERING COMPANY

पूर्व स्वीकृति मिति २०८०/०५/१५ पून: स्वीकृति मिति २०८०/१२/१० LT No. 291851 चलानी नं. ६०२०७०७३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Driver | 3 | 0 | 1500 | ५४,८७६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Glass Install Worker | 15 | 0 | 1300 | ४७,५६० | | | | | | | |
| 3 | Glass Technician | 10 | 0 | 1300 | ४७,५६० | | | | | | | |
| 4 | Labour | 15 | 0 | 1000 | ३६,५८४ | | | | | | | |
| 5 | Welder | 6 | 0 | 1300 | ४७,५६० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० चैत १८ गते (31th Mar. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Career Development Human Resource Pvt. Ltd.**

श्रम ईजाजत नं. १२३०/०७४/०७५

Buddhanagar, New Baneshwor, Kathmandu, Nepal Phone : 01-4784063, 4784064, Fax: 01-4784063 E-mail: info@careerdevelopmenthr.com

## युएइमा वैदेशिक रोजगारको अवसर

कम्पनी : PINK DIAMOND MODERN TECHNICAL WORKS L.L.C

पूर्व स्वीकृति मिति २०८०/१२/१० LT. No. 302266 चलानी नं. ६०२१७०९२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | AIR CONDITIONING ASSISTANT | 2 | 0 | 1100 | ३९,९०१ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | BUILDING LABOURER | 2 | 0 | 1100 | ३९,९०१ | | | | | | | |
| 3 | Electrical Assistant | 2 | 0 | 1100 | ३९,९०१ | | | | | | | |
| 4 | Electrical Mechanic | 2 | 0 | 1200 | ४३,५२९ | | | | | | | |
| 5 | Electrician | 2 | 0 | 1200 | ४३,५२९ | | | | | | | |
| 6 | ELEVATOR ELECTRICIAN ASSISTANT | 2 | 0 | 1100 | ३९,९०१ | | | | | | | |
| 7 | GAS FITTER | 1 | 0 | 1200 | ४३,५२९ | | | | | | | |
| 8 | PAINTER | 2 | 0 | 1200 | ४३,५२९ | | | | | | | |
| 9 | Painter Assistant | 2 | 0 | 1100 | ३९,९०१ | | | | | | | |
| 10 | PIPE FITTER | 2 | 0 | 1200 | ४३,५२९ | | | | | | | |
| 11 | PIPELINE PUMPS OPERATOR | 1 | 0 | 1200 | ४३,५२९ | | | | | | | |
| 12 | PLUMBER | 2 | 0 | 1200 | ४३,५२९ | | | | | | | |
| 13 | WELDER | 1 | 0 | 1200 | ४३,५२९ | | | | | | | |
| 14 | Welder Assistant | 2 | 0 | 1100 | ३९,९०१ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० चैत १८ गते (31th Mar. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Govt. License 1503/074/75

**BIGYAN HR MANAGEMENT PVT. LTD.**

Chandol - 4 Chapalkharkhana, Kathmandu, Tel.-014522477, 014523477



## वर्गीकृत विज्ञापन संकलन काउन्टर

पशुपति विज्ञापन सेवा – सोह्रखुट्टे, नयाँबजार फोन नं. ४३५५७६०, ९८४१८८७७१६ ९८६६४३०१५५ । स्मार्ट सर्भिस नेपाल प्रा.लि.–सिनामंगल, एयरपोर्ट, शम्भु मार्ग, फोन नं.०१२२९६६५८/९८४२६३५८१५ । लोटस कम्युनिकेशन– गोंगबुचोक, फोन नं. ४३६४७१। ध्रुवको पसल– डिल्लीबजार, फोन नं. ४४३९२०१। Reachmond Books Shop (रोहित दाहाल) – फोन नं.४०१६३१८, महाराजगञ्ज, भाटभटेनी गेट। Yonjan Enterprise - Dhalku Bhishal Nagar, 4438217। दन्तकाली स्टेशनरी – नयाँबसपार्क फोन नं. ९८१३९६०७४६ । सारीका स्टेशनरी पसल – फोन नं. ९८५११२९६८६ । ज्ञान्जयोति पुस्तक पसल बागबजार, फोन नं. ४२४००६० । विश्व स्वतन्त्र सञ्चार– सुन्धारा, फोन नं. ४२१९४१२ । निशा बुक्स एण्ड स्टेशनरी – लगनखेल, ५५३१९५७, ९८४१६२७४८९ । वीडलिंक मिडिया प्रा.लि. – पूरानो बानेश्वर चोक, फोन नं. ४४९२३०९, २०१४९३२, ९८४१६०६१४ । हिमचुली स्टेशनरी– बालाजु नेपालटार, फोन नं.४३८७२४२, ९८४१४४००८३ । मलः स्टेशनरी– गठ्ठाघर ठिमी, फोन नं. ६६३०७५७ । B-Tech Nepal- पुतलीसडक चोक, फोन नं.9851079417, 2297501| HaLMax Communication - Jamal Kathmandu, 4224181, 4245457, 9841853198, (Hari Dawadi) जमलको पुलमुनी-विश्वज्योति हल हसाईडमा), बी.एण्ड बी. कम्यूनिकेशन एण्ड साइबर– कलंकी चोक फोनः ०१-४२७६५३०, फ्याक्सः०१-४२७१३२२ । दाजुभाइ स्टेशनरी – पिंगलास्थान, गौशाला, फोनः ०१-४४९४६१५, ९८४९५०८१९९, ए.आर स्टेशनरी च्यासल गेट -९ ललितपुर फोन नं. ९८४१२८६९८९, हलफ्याक्स मिडिया एण्ड कम्यूनिकेशन जमल, काठमाडौं सम्पर्क : ०१- ४२२४१८१, ०१- ४०१२५७७, लोटस एड मिडिया एण्ड मार्केटिङ गोंगबु चोक फोन नं. ९८५१०२४३९८ र ९८६०३४६२५७, कमल स्टेशनरी, सिफल फोन नं. ९८४३२६४२३२, ०१४५८०१८४ ।

प्रभाव दैनिक National Daily

# अर्थ बजार

आजको मूल्य

| | छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|---|
| प्रति तोला – | १२६५०० | १२५९०० | १५०० |
| | ११९५०० | ११८९५० | १४१५ |



**हाइब्रिड मकैमा दाना नलागेपछि**

**हाइब्रिड जातको मकैको घोगामा दाना नलागेपछि खाली घोगा देखाउँदै बागमतीका किसान रामविश्वास महतो । बागमती र बरहथवा नगरपालिका क्षेत्रका धेरै क्षेत्रफलमा लगाएको हाइब्रिड जातको मकैमा दाना लागेको छैन ।** *तस्बिरः सिंगबहादुर थापा/रासस*

## लगानी सम्मेलनमा विश्व बैंकका उपाध्यक्षलाई निम्तो

**काठमाडौं (प्रस)–** अर्थमन्त्री वर्षमान पुनले आगामी वैशाख १६ र १७ गते काठमाडौँमा आयोजना हुने गरी तयारी भइरहेको तेस्रो लगानी सम्मेलनमा भाग लिन विश्व बैंकका दक्षिण एसिया हेर्ने उपाध्यक्ष मार्टिन रेजरलाई निमन्त्रणा गरेका छन् ।

बिहीबार राति अर्थमन्त्री पुन र विश्व बैंकका उपाध्यक्षत्रय मार्टिन रेजर, आकिहिको निसिओ र ग्वान्फे चेनबीच भर्चुअल संवाद भएको थियो । उक्त संवादका क्रममा अर्थमन्त्री पुनले लगानी सम्मेलनमा भाग लिनका लागि निम्ता गरेको उनको सचिवालयले जनाएको छ । उक्त संवादका क्रममा अर्थमन्त्री पुनले उनीहरूलाई औपचारिक रूपमा यसअघि नै निमन्त्रणा पठाइसकिएको स्मरण गराउँदै लगानी सम्मेलन निर्देशक समिति अध्यक्षका हैसियतले व्यक्तिगत रूपमा पनि निम्तो दिएको बताएका थिए ।

जवाफमा उपाध्यक्ष रेजरले निमन्त्रणाका लागि धन्यवाद दिँदै नेपाल र विश्व बैंकबीचको विकास साझेदारीमा थप सहकार्यका क्षेत्रबारे कुराकानी गर्न इच्छुक रहेको बताएको अर्थमन्त्री पुनको सचिवालयले जनाएको छ । लगानी सम्मेलनका लागि आवश्यक कानुनी र प्रक्रियागत सुधारका काम अघि बढेको जानकारी अर्थमन्त्री पुनले गराएका थिए । सम्मेलनलाई नेपालले अवसरका रूपमा लिएको बताउँदै उनले विश्व बैंकसहित अन्य विकास साझेदारसँगको सहकार्य आगामी दिनमा अझ सुदृढ हुने विश्वास व्यक्त गरे ।

# बूढीगण्डकी आयोजना ८ वर्षभित्र सम्पन्न गर्ने लक्ष्य

■ रमेश लम्साल/हेमन्त जोशी


**काठमाडौं–** लामो प्रतीक्षापछि अन्ततः बूढीगण्डकी जलविद्युत् आयोजनाको लगानी ढाँचा टुंगो लाग्ने भएको छ । आर्थिक वर्ष २०८८/८९ भित्रै सम्पन्न गर्ने लक्ष्य राखिएको आयोजना स्वदेशी लगानीमा नै निर्माण हुने गरी सरकारले लगानी ढाँचा समेत सुनिश्चित गरेको छ ।

बूढीगण्डकी जलविद्युत् कम्पनीका प्रमुख कार्यकारी अधिकृत जगत श्रेष्ठका अनुसार सञ्चालक समितिको बैठकले दुई वटा विकल्प स्वीकृत गरी थप निर्णयका लागि ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयमा पेश भएको जानकारी दिए ।

यहि चैत १ गते बसेको बूढीगण्डकी जलविद्युत् कम्पनी लिमिटेडको सञ्चालक समितिको १८औं बैठकले आयोजनाको लगानी ढाँचा र वित्तीय योजनासम्बन्धी दुईवटा विकल्पसहितको प्रस्ताव स्वीकृत गरेको छ । आयोजना निर्माणका लागि दुईवटा विकल्पसहितको लगानीको ढाँचा र वित्तीय प्रवाह योजना अब ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयले अन्तिम टुंगो लगाएर सहमतिका लागि अर्थ मन्त्रालय पठाउने तयारी भइरहेको छ ।

अर्थ मन्त्रालयको स्वीकृतिसँगै मन्त्रिपरिषद्मा प्रस्ताव पेश गरिनेछ । मन्त्रिपरिषद्ले स्वीकृत गरेपछि आयोजना एउटा नयाँ चरणमा प्रवेश गर्नेछ। प्रधानमन्त्री पुष्पकमल दाहालले शीघ्र आयोजनाको शिलान्यास गर्ने बताउँदै आएका छन् ।

चालु आर्थिक वर्षको बजेटमा सुक्खायामको विद्युत् माग सम्बोधन गर्न र जलविद्युत् निर्यात गर्न एक हजार दुई सय मेगावाट क्षमताको बूढीगण्डकी जलाशययुक्त जलविद्युत आयोजनाको लगानी ढाँचा तय गरी निर्माण अघि बढाइने उल्लेख छ । बजेटको उक्त व्यवस्था कार्यान्वयनका लागि मन्त्रिपरिषद्को गत कात्तिक २३ गतेको निर्णयबाट आयोजनाको लगानी ढाँचा निर्धारण गर्न निर्देशन भएको थियो ।



आयोजनामा सरकारले न्यून सम्भाव्यता कोष (भायबिलिटी ग्याप फन्डिङ-भिजिएफ) उपलब्ध गराएको अवस्था र नगराएको दुईवटा अवस्थालाई हेरेर अनुमानित कूल लागत, वित्तीय योजनाको ढाँचा र प्रतिफलको योजना बनाइएको छ । भिजिएफ उपलब्ध नगराउँदा र आयोजनाको जग्गा प्राप्तिलगायतमा नेपाल सरकारबाट हालसम्म भएको खर्चलाई स्वपुँजीमा समावेश गरी थप सहूलियतपूर्ण ऋण लगानी उपलब्ध गराउँदा आयोजनाको कुल लागत रु तीन खर्ब ९८ अर्ब दुई करोबर बराबर रहने अनुमान गरिएको छ ।

आयोजना विकास गर्न बूढीगण्डकी जलविद्युत् कम्पनीलाई सरकारबाट जग्गा प्राप्ति, सार्वजनिक पूर्वाधारहरूको पुनःस्थापना, वातावरण संरक्षण र वन क्षेत्र प्रयोगको लागि खर्च वापत आवश्यक पर्ने रु ७३ अर्ब दुई करोड बराबरको भिजिएफ उपलब्ध गराउँदा आयोजनाको लागत रु तीन खर्ब १० अर्ब ४७ करोड बराबर पुग्ने अनुमान गरिएको छ ।

आयोजनाको विस्तृत परियोजना प्रतिवेदन (डिपिआर) सन् २०१४ मा नै फ्रान्सेली कम्पनी ट्याक्टबेलले तयार पारेको हो। सो डिपिआरलाई नेपाल विद्युत् प्राधिकरणको सहायक कम्पनी एनइए इन्जिनियरिङ कम्पनीबाट भएको थप अध्ययन गरी समसामयिक बनाएको छ । मौजुदा वन नियमावली, २०७९ तथा राष्ट्रिय प्राथमिकता प्राप्त योजनाका लागि वन क्षेत्र प्रयोग गर्नेसम्बन्धी मापदण्डसहितको कार्यविधि-२०७६ बमोजिमको लागतसमेतलाई विश्लेषण गरी यस्तो अनुमान गरिएको कम्पनीले जनाएको छ ।

ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री शक्तिबहादुर बस्नेतले पनि आवश्यक तयारीलाई अन्तिम चरणमा पुर्‍याउन कम्पनीलाई निर्देशन दिएका छन् । उनले राष्ट्रिय गौरवको आयोजना भएकाले कुनै पनि कमजोरी नहुने गरी तयारी पूरा गर्न र स्थानीयको माग सम्बोधन गर्न कम्पनीलाई पटक-पटक ध्यानाकर्षण गराएका छन् ।

आयोजनाबाट हिउँदमा एक हजार चार सय आठ गिगावाट घण्टा बराबर ऊर्जा उत्पादन हुनेछ । यसैगरी बर्षामा एक हजार नौ सय ७५ गिगावाट घण्टा ऊर्जा उत्पादन हुनेछ । हिउँदको विद्युत् बिक्री दर प्रतियुनिट रु १२ दशमलव ४० पैसा र वर्षायामको प्रतियुनिट रु छ दशमलव ५० पैसा बराबर हुनेछ। आयोजनाको अनुमतिपत्रको अवधिभरमा सरकारलाई 'रोयल्टी', संस्थागत आयकर, मूल्य अभिवृद्धिकर तथा भन्सार महसुल गरी रु दुई खर्ब ८४ अर्ब ८२ करोड आय हुनेछ।

प्रधानमन्त्री दाहालले धादिङ र गोरखाका जनप्रतिनिधिसँगको भेटमा आयोजनाको कामलाई तीव्रता दिन आफूले हरसम्भव प्रयास गरिरहेको बताएका थिए । गोरखाको गण्डकी गाउँपालिकाका अध्यक्ष दीपक तिमिल्सिनाका अनुसार राष्ट्रिय गौरवको योजना निर्माण प्रक्रियालाई तत्काल गति दिन स्थानीय सरकारकातर्फबाट पहल भइरहेको छ । आयोजनाका लागि आर्थिक स्रोत सुनिश्चितता र निर्माण प्रक्रिया अगाडि बढाउन यथाशीघ्र पहल गर्न पटक-पटक प्रधानमन्त्रीको ध्यानाकर्षण गराएको उनको भनाइ छ ।

आयोजनाको निर्माण प्रक्रिया अगाडि नबढ्दा प्रभावित क्षेत्रका जनतामा थप समस्या पैदा भएको र उनीहरूले पाउनुपर्ने सामान्य सुविधा समेत बञ्चित भएका छन् । कम्पनीको फिल्ड कार्यालय राम्रोसँग सञ्चालनमा आउन नसक्दा स्थानीयबासी असन्तुष्ट छन् । त्यसलाई तत्काल सम्बोधन गर्नुपर्ने आवश्यकता बढेर गएको जनाइएको छ । *रासस*

कर्पोरेट

## ग्लोबल आइएमईका १११ शाखाबाट एकसाथ वित्तीय साक्षरता कार्यक्रम




**काठमाडौं (प्रस)–** ग्लोबल आइएमई बैंक लिमिटेडले बैंकको संस्थागत सामाजिक उत्तरदायित्वअन्तर्गत वित्तीय पहुँचबाट बाहिर रहेका विभिन्न लक्षित वर्गहरू पहिचान गरी बैंकका १११ वटा शाखा कार्यालयमार्फत एकसाथ वित्तीय साक्षरता कार्यक्रम सञ्चालन गरेको छ । बैंकले ग्लोबल मनि विक २०२४ को अवसर पारेर देशव्यापी रूपमा आयोजना गरेका विभिन्न कार्यक्रमहरूमा १४ हजार भन्दा बढी कृषक, लघु, साना तथा मझौला उद्यमीहरू, मजदुर, वैदेशिक रोजगारमा जाने सम्भावित व्यक्तिहरू, विद्यार्थी, महिला, विप्रेषण प्रापक तथा स्थानीय युवा-युवतीहरूको सहभागिता रहेको थियो ।

ग्लोबल आइएमई बैंकले आफ्ना ३५४ वटै शाखाहरूमार्फत वित्तीय साक्षरता तथा डिजिटल बैंकिंग प्रवर्द्धन कार्यक्रमहरूसञ्चालन गर्ने उद्देश्य राखेको छ । कार्यक्रममा बचत, कर्जा, रेमिट्यान्स, डिजिटल बैंकिंग, बीमा, लगानी, अतिरिक्त बैंकिंग सेवाहरू, वित्तीय ठगी र वित्तीय अनुशासनसम्बन्धी विषयवस्तुमा जानकारी गराइएको छ ।

ग्लोबल आइएमई बैंक मुलुकका सतहत्तरै जिल्लामा शाखा सञ्जाल रहेको निजी क्षेत्रको पहिलो वाणिज्य बैंक हो । बैंकको ३५४ शाखा कार्यालय, ३७९ एटिएम, २७७ शाखा रहित बैंकिंग सेवा, ६७ एक्सटेन्सन तथा राजश्व संकलन काउन्टर तथा ३ वटा बैदेशिक प्रतिनिधि कार्यालय समेत गरी १,१०० भन्दा बढि सेवा केन्द्र रहेका छन् । त्यसैगरी बैंकले संयुक्त राज्य अमेरिका, संयुक्त अधिराज्य, क्यानडा, अष्ट्रेलिया, मलेसिया, दक्षिण कोरिया, जापान, साउदी अरेबिया, कतार, युएई, बहराइन, कुवेत, भारत, जोर्डन, हङकङ लगायतका मुलुकबाट रेमिट्यान्स भित्र्याउँदै देशको अर्थ व्यवस्थामा महत्वपूर्ण योगदान पुर्‍याउँदै आइरहेको छ ।

## समृद्धि फाइनान्सको वित्तीय साक्षरता कार्यक्रम

**काठमाडौं (प्रस)–** समृद्धि फाइनान्सले ग्लोबल मनी विक-२०२४ को अवसरमा वित्तीय साक्षरता कार्यक्रम आयोजना गरेको छ । फाइनान्सले चैत्र ८ गते बिहिवार बुटवल शाखा र चैत्र ९ गते शुक्रवारको दिन कसाहा शाखा र बनेपा शाखाबाट वित्तीय साक्षरता कार्यक्रम सम्पन्न गरेको छ ।

फाइनान्सले बुटवल शाखाबाट साधना महिला विद्यालयका ८६ जना महिला विद्यार्थीलाई, कसाहा शाखाबाट दिव्य शक्ति तरकारी खेती पकेट समुह धनगडी माइ ७ फुलकाहाका ४९ किसानहरूलाई र बनेपा शाखाबाट काभ्रे मल्टीपल क्याम्पसका ५३ जना विद्यार्थीहरूलाई वित्तीय साक्षरता दिईएको थियो। अनावश्यक खर्चहरूलाई कटौती गरेर बचतको बानी बसाल्न सके भविष्यको जीवनयापन सहज बनाउन सकिने तथा विभिन्न डिजिटल बैंकिङ कारोबार तथा यसका अवसर र चुनौतीको विषमा प्रस्तुतीकरण गरिएको थियो । फाइनान्सले आफ्ना सम्पूर्ण शाखाहरू बाट विभिन्न जनचेतनामूलक




कार्यक्रमहरू गर्दै आएको र आगामी दिनमा पनि यस्तै कार्यक्रमहरू लाई निरन्तरता दिने प्रतिबद्धता जनाएको छ ।

नेपाल राष्ट्र बैंकबाट 'ग' वर्गको इजाजतपत्र प्राप्त राष्ट्रिय स्तरको समृद्धि फाइनान्स कम्पनी लिमिटेडले हाल १३ वटा शाखाहरू मार्फत कारोबार गर्दै आएको छ भने आर.टि.जि.एस, आइपीएस, कनेक्ट आइपीएस, रेमिटान्स, क्लियरिंग लगायतका बैंकिंग र मोवाइल बैंकिंग, डेबीट कार्ड, क्यू.आर कोड जस्ता डिजिटल सुविधाहरू प्रदान गरिरहेको छ ।

फागु पर्व सभ्य रूपमा मनाऔं ।

- आपसी सहमतिमा उल्लासपूर्वक फागुपर्व मनाऔं,
- लोला हान्ने, पानी छ्याप्ने तथा रंग दल्ने जस्ता काम जबरजस्ती नगरौं,
- सामाजिक तथा सांस्कृतिक मर्यादा र शिष्टाचारको पालना गरौं,
- हानिकारक र रसायनयुक्त रंगको प्रयोग नगरौं,
- मदिरा तथा लागु पदार्थको सेवन नगरौं,
- गैरकानूनी र उच्छृंखल व्यवहार नगरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

अब मात्र एक क्लिकमा...
www.prabhabonline.com
facebook www.facebook.com/Prabhab Online
प्रभाव दैनिक

प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित मुद्रणः एक्प्रेस कलर प्रेस, कार्यालयः काठमाडौं-७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेलः prabhabdailynews@gmail.com, विज्ञापनका लागिः marketing2prabhab@gmail.com, प्रबन्ध निर्देशकः कृष्णबहादुर कार्की, सम्पादकः विष्णु तामाङ